
का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ फागुन २०८२
शनिबार
28 February 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक
इपेपर हेर्न
वर्ष २४, अंक ३७। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# चुनाव छल्न सुटुक्क सिंगापुर

निर्वाचनको सन्निकटमा सिंगापुर गएका पूर्वसभापति देउवा चुनावअघि फर्कने सोचमा छैनन् । उनको अनुपस्थितिले सुदूरपश्चिममा कांग्रेसको सिट घट्ने आशंका छ । पार्टी सभापति गगन थापासमेत सुदूरपश्चिम नजाने भएपछि उम्मेदवारहरूले आफ्नै बलबुताले चुनाव जितेर आउनुपर्ने भएको छ ।

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १५ फागुन

जेनजी आन्दोलनले छैटौंपटक प्रधानमन्त्री हुन रोकिएका नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा डडेल्धुराबाट अन्तिमपटक चुनाव लड्न चाहन्थे। २०४८ यताका कुनै चुनाव नहारेका देउवाले विशेष महाधिवेशनले पार्टीसत्ता पनि उल्टाएपछि टिकटसमेत पाएनन्। देशभर चुनावी माहोल गर्माउँदा उनी मौन थिए । तैपनि, उनी चुनावी प्रचार वा भोट हाल्न सुदूरपश्चिम जाने धेरैको विश्वास थियो । त्यसैले देउवाले कहिले मुख खोल्छन भन्ने कांग्रेस पङ्तीले चासोका साथ कुरिरहेका थिए। तर, उनी चुपचापै एकाएक सिंगापुर उडेका छन्।

देउवा स्वास्थ्य उपचारका लागि सिंगापुर गएको उनको सचिवालयले जनाएको छ । उनको नियमित क्षेत्र डडेलधुरामा यसपटक नैनसिंह महर उम्मेदवार छन् । आम निर्वाचनपछि नियमित महाधिवेशन गर्ने अड्डी कसेका देउवालाई धक्का लाग्नेगरी निर्वाचन आयोगले कांग्रेसमा विशेष महाधिवेशनलाई बैधता दिएपछि उनी मौन थिए । विशेष महाधिवेशनले गगन थापा नेतृत्वमा नयाँ नेतृत्व चुनेपछि कांग्रेसभित्रको एउटा तप्का बाहिर रहेको छ । देउवा समूह विशेष महाधिवेशनविरूद्ध अदालत गएका छन्।

तत्कालिन सभापति देउवा, कार्यबाहक सभापति पूर्णबहादुर खड्का, नेताहरू प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, शशांक कोइराला, रमेश लेखकलगायत धुप्रै नेताहरू निर्वाचन र पार्टी संरचना दुबै भूमिकाबाट बाहिर छन्।



**हामी चुनौतीपूर्ण अवस्थामा चुनावी मैदानमा छौं । यो बेला आपसी सद्भाव र सम्मानपूर्वक ढंगले सबै नेता कार्यकर्ताहरू लाग्नुपर्छ। बाँकी समीक्षा चुनावपछि गरौंला।**

■ **वीरबहादुर बलायर**
**सभापति, कांग्रेस सुदूरपश्चिम**

चुनावको समयमा उनीहरूको मौनताले कांग्रेसको आन्तरिक राजनीतिमा मात्रै होईन्, आगामी निर्वाचनको परिणामलाई समेत असर पार्ने संकेत गरेको छ। अझ पूर्वसभापति देउवा र कर्णाली प्रदेशका शक्तिशाली नेता खड्काको सहयोगविना कांग्रेसलाई सुदूरपश्चिम र कर्णाली प्रदेशमा चुनावी परिणाम निकाल्न सकस हुने विश्लेषण भइरहेको छ।

तर, नेपाली कांग्रेस सुदूरपश्चिमका सभापति वीरबहादुर बलायरले सबैलाई मिलाएर जाने नेतृत्वले सामर्थ्य राख्नुपर्ने बताए । 'कांग्रेस अहिले चुनावको अभियानमा छ', उनले भने, ' यतिबेला सबै एक भएर आपसी सदभाव र सम्मानपूर्वकढंगले लाग्नु पर्दछ। हामी चुनौतीपूर्ण अवस्थामा चुनावी मैदानमा छौ भन्नेकुरा सबै नेता कार्यकर्ताले बुझेर लाग्न जरूरी छ । चुनावपछि बाँकी समीक्षा गरौंला ।' उनको यो सन्देशले पनि कांग्रेसभित्रको असहजतालाई संकेत गरेको छ।

देउवालाई गृहजिल्ला र गृहप्रदेशमा लगेर मत माग्ने योजनामा रहेका सभापति गगन थापासहितका नेताहरूलाई देउवाले पत्याएनन्। निर्वाचन आयोगले विशेष महाधिवेशनलाई वैधता दिएर गगन थापालाई सभापति स्वीकार गरेपछि टिकट लिन देउवा तयार भएका थिएनन भने गगनले पनि देउवालाई टिकट नदिने पक्षमा थिए। आफू चुनाव नलड्दा निकटस्थ नेताहरूले पनि टिकट नलिउन भन्ने देउवाको चाहना विपरित कञ्चनपुरबाट एनपी साउद, डडेलधुराबाट नैनसिंह महर, नुवाकोटमा प्रकाशशरण महतलगायन केही नेताहरूले टिकट लिएको विषयमा उनी असन्तुष्ट थिए । टिकट वितरण भइरहेकै बेला सचिवालयमार्फत् देउवाले निर्वाचन नलड्ने घोषणा भने गरेका थिए।

देउवाको असन्तुष्टिलाई मल्हम लगाउदै सुदुरपश्चिममा उपस्थित गराएर चुनाव जित्ने उम्मेदवार र सुदुरपश्चिम कांग्रेसको योजना अन्ततः असफल भएको छ । निर्वाचनको सन्निकटमा विदेश भ्रमणमा निस्केका देउवा चुनावअघि फर्कने सोंचमा छैनन्। उनको अनुपस्थितिले सुदुरपश्चिममा कांग्रेसको सिट घट्ने भय प्रदेशका नेताहरूले व्यक्त गरेका छन्। देउवा पक्षको बाहुल्य रहेको सुदूरपश्चिममा चुनावी सभा गर्न सभापति गगन थापासमेत नजाने भएका छन् । जसका कारण यसपटक उम्मेदवारहरूले आफ्नै बलबुताले चुनाव जितेर आउनु पर्नेछ।

गत भदौंमा भएको जेनजी आन्दोलनको अघिल्लो दिन (भदौ २२)सम्म देउवालाई भावी प्रधानमन्त्रीका रूपमा हेरिएको थियो । तर, २३ भदौको आन्दोलन र २४ गतेको विध्वंशसँगै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई सत्ताच्यूत गराएपछि देउवाको सपना एकाएक तुहियो। त्यो आन्दोलनले देउवाको छैटौं पटक प्रधनमन्त्री हुने सपनामा 'ब्रेक' मात्रै लगाएन, उनको ज्यानै खतरामा पर्ने स्थिति बन्यो। जेनजी आन्दोलनका क्रममा घरमै बसीरहेका देउवा र तत्कालीन परराष्ट्रमन्त्री पत्नी आरजू देउवा राणामाथि सांघातिक आक्रमण भएपछि उनी उपचारका लागि १८ दिन सिंगापुर बसेर नेपाल फर्किएका थिए। सोही आन्दोलनको आक्रोश देखाएर देउवालाई पार्टीबाटै अपदस्त गरेपछि उनी पिडामा छन् । त्यसो त, उनले असोज २८ मै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यबाहक दिएका पनि हुन् । तर, अन्तिमपटक चुनाव जितेर राजनीति छाड्ने चाहनाले कांग्रेसमा कलह जन्माएको थियो।

कार्यबाहक सभापति खड्काले ५० दिन लामो केन्द्रीय समितिको बैठक बसाउँदा समेत १५औं नियमित महाधिवेशन कि विशेष महाधिवेशनबाट नयाँ नेतृत्व छान्ने भन्ने निर्णय लिन नसक्दा पार्टीले बिद्रोहको सामना गर्नु परेको नेताहरुको दाबी छ। फागुन २१ को निर्वाचनमा बदलिएको कांग्रेसको नारा लिएर मतदातासँग

>>> पृष्ठ २ मा

निर्वाचन सुरक्षा



# मतपेटिका प्रहरीले नै ओसार्ने

निर्वाचनविरोधी गतिविधि भए २०-३० मिनेटभित्र सेना र १० मिनेटभित्र सशस्त्र प्रहरी घटनास्थल पुग्ने गरी तयारी मिलाइएको छ ।

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १५ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचन आउनु एक महिनाअघि नै नेपाली सेना परिचालन भएसँगै दलहरुले चुनावी सुरक्षाप्रति चासो देखाएका छन् । खासगरी मतदानपछि मतपेटिका गणनास्थलसम्म पुऱ्याउने जिम्मा सेनालाई दिने तयारीप्रति उनीहरुको असहमति थियो । विगतका निर्वाचनमा मतपत्र ढुवानीको जिम्मा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले सम्हाल्दै आएका थिए । तर यसपालि असामान्य परिस्थितिमा निर्वाचन हुन लागेकाले सेनाको भूमिका बढाइएको निर्वाचन आयोग र गृह मन्त्रालयले बताउँदैआएका छन्।

दलहरुले आशंका गर्न थालेपछि सरकार पुरानै अभ्यास अनुरुप प्रहरीले मतपेटिका ओसार्ने निर्णयमा पुगेको छ । गृहमन्त्री ओमप्रकाश अर्यालले मतदानपछि मतपेटिका ढुवानीबारे कुनै भ्रम नराख्न आग्रह गरेका छन् । एकीकृत सुरक्षा योजनाअनुसार मतदान केन्द्रबाट मतगणना स्थलसम्म मतपेटिका नेपाल प्रहरीले नै पुऱ्याउने स्पष्ट पार्दै उनले शुक्रबार विराटनगरमा भने, 'यसमा अलमलमा पर्नु पर्दैन । बाँकी काम मतदान अधिकृतले नै गर्ने हो । नेपाल प्रहरीको सहयोगमा गर्ने हो। त्यसको ढाँचा स्पष्ट रूपमा उल्लेख गरिएको छ।'

विगतकै अभ्यासअनुसार सुरक्षा घेरा कायम रहने उल्लेख गर्दै उनले अनावश्यक हल्ला र अन्योलमा नपर्न आग्रह गरे। मतदान केन्द्र र मतगणनास्थलको सुरक्षामा तीन तहको घेरा रहनेछ। पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी बल र तेस्रो घेरामा नेपाली सेना परिचालन गरिनेछ । सरकारका प्रवक्तासमेत रहेका गृहमन्त्री अर्यालले एकीकृत सुरक्षा योजनाअनुसार मतदान अधिकृतले नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा घेराभित्रै मतपेटिका सुरक्षित रूपमा मतगणना स्थलसम्म पुऱ्याउने व्यवस्था मिलाइएको जानकारी दिए।

निर्वाचन एकीकृत सुरक्षा कार्ययोजना-२०८२ अनुसार देशभर सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र निर्वाचन प्रहरी परिचालन भइसकेका छन्। करिब ८० हजार सैनिक निर्वाचन सुरक्षामा खटिएका छन्। त्यस्तै, ७१ हजार नेपाल प्रहरी र झन्डै ३५ हजार सशस्त्र प्रहरी चुनावमा परिचालन गरिएको छ।

१६५ वटै निर्वाचन क्षेत्रमा सेना र सशस्त्र प्रहरीका अस्थायी बेस स्थापना गरिएका छन् । सेनालाई लामो दूरी, मध्यम दूरी र छोटो दूरी गस्तीका लागि विभाजन गरेर परिचालन गरिएको छ । निर्वाचनविरोधी गतिविधि भए २०-३० मिनेटभित्र सेना र १० मिनेटभित्र सशस्त्र प्रहरी घटनास्थल पुग्ने गरी तयारी मिलाइएको छ।

निर्वाचन आयोगले देशभर ११ हजार ९ सय १ मतदानस्थल र २३ हजार १ सय १२ मतदान केन्द्र तोकेको छ । तीमध्ये ४ हजार १ सय १४ मतदानस्थल अति संवेदनशील, ४ हजार ४ सय ४२ संवेदनशील र २ हजार ८ सय ४५ सामान्य सूचीमा राखिएका छन् । हाल देशमा लुटिएका हतियार फिर्ता नहुनु र कैदीबन्दी फरार रहनु सुरक्षा चुनौतीका रूपमा देखिएको

>>> पृष्ठ २ मा

## प्रदेशगत मतदानस्थलको सुरक्षा वर्गीकरण

| प्रदेश | सामान्य | संवेदनशील | अति संवेदनशील |
|---|---|---|---|
| काठमाडौं उपत्यका | २७८ | २३७ | १२ |
| कोशी प्रदेश | ६४७ | २३७ | १२ |
| मधेश प्रदेश | १५९ | ७५५ | १,२४६ |
| बागमती प्रदेश (उपत्यकाबाहेक) | ४३७ | ४९७ | १,२८८ |
| गण्डकी प्रदेश | ३९२ | ५७७ | ३२८ |
| लुम्बिनी प्रदेश | ४७१ | ७३८ | ३५८ |
| कर्णाली प्रदेश | १६१ | ४२२ | ३५८ |
| सुदूरपश्चिम प्रदेश | ३०० | ३९४ | ४८१ |

# एकै महिनामा अकस्मात् बिते १६५ व्यक्ति

■ धनकुटा साँगुरीगढी गाउँपालिका-१ जोगेनका ४२ वर्षीय प्रिथिराज राई गत असोज २४ गते आफ्नै घरमा मृत अवस्थामा भेटिए । साँझ खाना खाएर सामान्य अवस्थामा सुतेका उनी बिहान ओछ्यानमै मृत भेटिएको प्रहरी अनुसन्धानमा देखिएको छ । उनले न विष सेवन गरेका थिए, न त शरिरमा कुनै चोटपटक नै लागेको थियो ।

■ काभ्रे धुलिखेल नगरपालिका-७ अड्डाबजारमा डेरा गरी बस्ने ६० वर्षीय हिराकाजी लामा गत माघ ९ गते आफ्नै कोठामा मृत अवस्थामा फेला परे । काभ्रेकै नमोबुद्ध नगरपालिका-५ कमिरे घर भएका लामा पनि सामान्य अवस्थामा नै खाना खाएर सुतेका थिए । बिहान अवेरसम्म पनि नउठेपछि परिवारले हेर्दा उनको मृत्यु भइसकेको थियो ।

**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, १५ फागुन

'कुनै औषधी खाँदैनथ्यो, कुनै रोग लागेको पनि थाहा थिएन, तर राति अचानक मृत्यु भएछ' कसैको आकस्मिक मृत्युपछि यस्ता संवाद धेरै सुनिन्छ। दिनभरीसँगै घुमेको, बोलेको व्यक्ति अर्को दिन अकस्मात मृत्यु भएका खबरहरु पनि आइरहन्छन्।

यसरी कुनै जटिल रोग थाहा नभएरै वा नथलिएका व्यक्तिको एक्कासी मृत्युका घटना बढेको पाइएको छ। नेपालल प्रहरीको एक तथ्यांक अनुसार, माघ महिनामा मात्र देशभर १ सय ६५ जनाको त्यसरी आकस्मिक मृत्यु भएको छ । प्रहरीले यस्ता घटनालाई फुटकर मृत्यूको नाम दिएको छ। जुन मृत्यू कसैले हत्या गरेको पनि होईन्, कुनै दिर्घ रोग वा विष सेवन, आत्महत्या जस्ता नभई अकस्मात मृत्युसँग सम्बन्धित छन् । आत्महत्या, हत्या वा कुनै विपद, दुर्घटनामा बाहेकका मृत्युलाई फुटकर (अकस्मात) मृत्यूको सूचीमा राखिएको प्रहरी प्रवक्ता अविनारायण काफ्ले बताउँछन् । 'शरिरमा कुनै चोट पटक नलागेका, हत्या, आत्महत्या जस्तो नभएका र दिर्घरोगी पनि नभएर मृत अवस्थामा भेटिएका व्यक्तिलाई 'फुटकर ज्यान'को लिस्टमा राखिएको छ', उनले भने।





■ **डा. कृष्ण अधिकारी**
**मुटुरोग विशेषज्ञ**

**अचानक मृत्युको प्रमुख कारण मुटुको मांसपेशीमा रगत प्रवाह रोकिनु हो। मुटुको धड्कन असामान्य रूपमा छिटो वा ढिलो भई मुटुले रगत पम्प गर्न छोडेर मस्तिष्कमा रक्तस्राव वा रगतको आपूर्ति रोकिन्छ। यस्तो मृत्यु बिहानको समयमा बढी हुने गरेको छ।**

**अचानक मृत्युको कारण के हो ?**

अप्रत्यासित मृत्यु हुने अवस्थाको मुख्य कारण जीवनशैली र स्वास्थ्यमा ध्यान नदिनु रहेको चिकित्सकहरु बताउँछन् । जसले गर्दा व्यक्तिको असामयिक मृत्यु हुने गरेको छ।

जोखिम पहिचान नभएका ब्यक्तिको आकस्मिक मृत्यु कडा खालको ह्रदयघात (म्यासिभ हार्ट एट्याक) र अन्य थुप्रै कारणले मृत्यु हुनसक्ने विशेषज्ञहरु बताउँछन्। मुटुरोग विशेषज्ञ डा. कृष्ण अधिकारीका अनुसार, अचानक मृत्युको प्रमुख

>>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# इपिएस सम्झौता नवीकरण र नेपाली कामदारको कोटा वृद्धिबारे कोरियामा छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन

नेपाल र दक्षिण कोरियाबीच इपिएस सम्झौता नवीकरण र नेपाली कामदारको कोटा वृद्धिका विषयमा छलफल भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्ले नेतृत्वको ४ सदस्यीय प्रतिनिधिमण्डल र दक्षिण कोरियाको रोजगार तथा श्रम मन्त्रालयका उपमन्त्री लपिल हुन् सन् नेतृत्वको ५ सदस्यीय प्रतिनिधिमण्डलबीच जुङ्ग, सियोलमा शुक्रबार छलफल भएको सियोलस्थित नेपाली दूतावासले जनाएको छ।

उक्त बैठकमा पछिल्लो समय कोरियन भाषा तथा सीप परीक्षा उत्तीर्ण युवाहरूद्वारा विभिन्न माध्यमबाट व्यक्त हुँदै आएको चासो, रोजगार अनुमति प्रणालीसम्बन्धी द्विपक्षीय समझदारीको नवीकरण,



इपिएसअन्तर्गत दक्षिण कोरिया सरकारले नेपाललाई उपलब्ध गराउँदै आएको कोटामा वृद्धि, नेपाली श्रमिकहरूको कोरिया पुनः प्रवेश प्रणालीमा सुधार, हाल नेपाली

>>> पृष्ठ २ मा

अजेन्ट आवश्यकता
डकुमेन्टेशन - ५ जना (महिला)
रिसेप्सनिस्ट - ५ जना (महिला)
योग्यता तथा अनुभव :
Salary Negotiable
▸ साउदी अरबको MOFA सम्बन्धी कार्यमा राम्रो ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ ।
▸ नेपालमा डोफे (DOFE) सम्बन्धी काम गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।
▸ सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यअनुभव अनिवार्य ।
Nepal HR Solution
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal,
Mobile: 9852651444, Tel: 01-01-4593555, Email: snepalhr@gmail.com

# ‘अझै निष्पक्ष निर्वाचनको वातावरण बनेको छैन’

**झापा/मस–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारले अझै पनि निष्पक्ष र धाँधलीरहित निर्वाचनको वातावरण बनाउन नसकेको आरोप लगाएका छन् । उनले चुनावलाई स्वच्छ र विश्वसनीय बनाउन सरकार गम्भीर नदेखिएको टिप्पणी गरे ।

शुक्रबार झापाको दमकमा अनेरास्ववियूले आयोजना गरेको ‘बासँग विद्यार्थी’ कार्यक्रममा बोल्दै ओलीले मुलुकको सार्वभौम संसद विघटन गरिएपछि देश संकटतर्फ धकेलिएको दाबी गरे । उनले उक्त संकटबाट देशलाई मुक्त गर्न आफ्नो पार्टी चुनावमा होमिएको बताए । ओलीले कुनै पनि प्रकारको चुनावी धाँधली एमालेलाई मान्य नहुने स्पष्ट पारे । ‘एमाले चुनावबाट भाग्दैन, देशैभरि चुनावमा केन्द्रित छ,’ उनले भने, ‘आगामी निर्वाचनबाट एमाले पहिलो शक्ति बनेर देशका विद्यमान समस्याहरूको समाधान निकाल्नेछ ।’




पूर्वप्रधानमन्त्री समेत रहेका ओलीले विभिन्न माध्यमबाट फैलाइने भ्रममा नपर्न युवाहरूलाई आग्रह गरे । उनले यस्ता भ्रम चिर्न र पार्टीका सिद्धान्त तथा कार्यक्रम जनतासम्म पुऱ्याउन विद्यार्थीहरू सक्रिय हुनुपर्ने बताए । कार्यक्रममा सहभागी विद्यार्थीहरूले राखेका जिज्ञासाको जवाफ दिँदै ओलीले कुनै पनि राजनीतिक दलको भूमिका उसको सिद्धान्त, कार्यक्रम र एजेण्डाले निर्धारण गर्ने उल्लेख गरे । उनले एमालेका नीति तथा कार्यक्रमलाई जनस्तरसम्म प्रभावकारी रूपमा लैजान सुझाव पनि दिए ।

# आयोगको ‘कल सेन्टर’ मार्फत चार हजार बढी जिज्ञासा सम्बोधन

**काठमाडौं/मस–** निर्वाचन आयोगले आममतदाता तथा सरोकार भएकाहरूको निर्वाचनसँग सम्बन्धित जिज्ञासा सम्बोधनका लागि गत माघ ५ गतेदेखि सञ्चालनमा ल्याएको ‘कल सेन्टर’मा फागुन १४ गते बिहीबारसम्म टेलिफोन र ‘भ्वाइस मेल’समेत गरी जम्मा चार हजार ३८ वटा जिज्ञासा तथा प्रश्न प्राप्त भई सम्बोधन गरेको छ ।



प्राप्त जिज्ञासामध्ये मतदाता नामावलीसँग सम्बन्धित एक हजार ९ सय ५८, निर्वाचन आचारसंहितासँग सम्बन्धित ३ सय ८६, मतदाता शिक्षासम्बन्धी १ सय ५७ र अन्य एक हजार १ सय ११ रहेका आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार कुल जिज्ञासामा ४ सय २६ ‘भ्वाइस मेल’ रहेका छन् ।

आमनागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत कार्यक्रमअनुसार यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७ सय ५३ स्थानीय तहका छ हजार ७ सय ४३ वडामा एक/एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम जारी रहेको आयोगले जनाएको छ ।

यसरी खटिएका मतदाता शिक्षा स्वयंसेवकबाट आममतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाबारे जानकारी गराउने कार्य भइरहेको छ । मतदाता शिक्षा स्वयंसेवकले सम्पादन गरेका कार्यको अनुगमनका लागि सम्बन्धित स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिलाई अनुगमनकर्ता तोकी निजहरूबाट अनुगमन तथा सहजीकरणको काम पनि भइरहेको आयोगका प्रवक्ता भट्टराईले जानकारी दिए ।

विद्युतीय मतदाता शिक्षा एकाइबाट ४ सय ७० सामग्री उत्पादन गरी प्रचारप्रसार

विद्युतीय माध्यमबाट मतदाता शिक्षा प्रदान गर्ने उद्देश्यले निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत स्थापना गरिएको मतदाता शिक्षा एकाइले हालसम्म ४ सय ७० वटा सामग्री उत्पादन गरेर स्वीकृत गराई आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युबमा राखिएको छ ।

मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला लक्षित यस्ता सचेतना सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वसनीय सूचना प्राप्त हुने र मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास आयोगले लिएको छ । यस्ता सामग्रीले डिजिटल प्लेटफर्मबाट समेत मतदाता शिक्षा कार्यक्रम प्रवर्द्धन गर्नुका साथै आममतदाताले आधिकारिक सूचना पाउने अपेक्षा आयोगले गरेको आयोगका प्रवक्ता भट्टराईले बताए ।

मतदाता शिक्षा कार्यक्रम प्रवर्द्धनका लागि आयोगले उत्पादन गरेका संवादमूलक भिडियो सन्देश, गीति सन्देश, लघु भिडियो तथा जिङ्गलहरू प्रकाशन एवं प्रसारण गरिरहेको छ । यस्ता सामग्री आयोगका आधिकारिक डिजिटल प्लेटफर्मबाट प्रसारण भइरहेका छन् ।

मतदातालाई निर्वाचनमा सहभागी हुन प्रेरित गर्ने, निर्वाचन स्वच्छता बढाउने तथा निर्वाचन आचारसंहिता पालनाका लागि उत्प्रेरित गर्ने सन्देशमूलक सामग्रीबाट मतदान प्रतिशत बढाउन तथा बदर मत प्रतिशत घटाउन भूमिका खेल्ने आयोगको अपेक्षा छ ।

# रौतहटमा सीमा सुरक्षा कडा

**मध्यान्ह संवाददाता**
रौतहट, १५ फागुन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई भयरहित, शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गर्न रौतहटको नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ ।

विशेषगरी सदरमुकाम गौरस्थित मुख्य सीमा नाका गौर भन्सार क्षेत्रमा सुरक्षा घेरा मजबुत बनाइएको छ । खुला सीमाको फाइदा उठाएर हुन सक्ने सम्भावित घुसपैठ, अवैध हातहतियार ओसारपसार तथा आपराधिक गतिविधि नियन्त्रण गर्न नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोली परिचालन गरिएको छ ।

जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सीमा नाकामा चौबीसै घण्टा अतिरिक्त जनशक्ति खटाइएको छ । नाका भएर आवतजावत गर्ने व्यक्ति तथा सवारी साधनमाथि सघन खानतलासी र निगरानी थालिएको छ ।



जिल्ला प्रशासन कार्यालय रौतहटका अनुसार संवेदनशीलतालाई ध्यानमा राख्दै सादा पोसाकमा समेत सुरक्षाकर्मी परिचालन गरिएको छ ।

रौतहटको करिब ३२ किलोमिटर क्षेत्र भारतसँग जोडिएकाले सीमा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको प्रशासनको भनाइ छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले सीमा क्षेत्रमा पैदल तथा मोबाइल गस्ती तीव्र बनाएको छ । मुख्य नाकामा सीसीटीभी क्यामेरा र अन्य प्राविधिक उपकरणमार्फत निगरानी बढाइएको छ ।

भारतीय सीमा सुरक्षा बलसँग समेत निरन्तर समन्वय गरी सीमा पारिबाट हुन सक्ने आपराधिक गतिविधि रोक्न सहकार्य भइरहेको सुरक्षा स्रोतले जनाएको छ । शङ्कास्पद व्यक्तिलाई सोधपुछ तथा आवश्यक जाँचपछि मात्र प्रवेश अनुमति दिने व्यवस्था गरिएको छ । निर्वाचनलाई लक्षित गरी सीमा क्षेत्रमा मदिराको अवैध ओसारपसार तथा बिक्री-वितरणमा समेत कडाइ गरिएको छ । अवैध हातहतियार तथा विष्फोटक पदार्थ भित्रिन नदिन डग स्निफिङ टोली परिचालन गर्ने तयारीसमेत गरिएको छ ।

निर्वाचन आयोगको निर्देशनअनुसार सीमावर्ती जिल्लामा विशेष सुरक्षा योजना लागू गरिएको छ । सोहीअनुसार रौतहट प्रशासनले निर्वाचन विशेष सुरक्षा योजना अन्तर्गत गौर नाकालाई उच्च प्राथमिकतामा राखेको हो ।

सुरक्षा स्रोतका अनुसार मतदान हुनुभन्दा ४८ घण्टा अघिदेखि सीमा नाका पूर्ण रूपमा ‘सिल’ गरिनेछ । उक्त अवधिमा आकस्मिक सेवाबाहेक अन्य सबै प्रकारका आवतजावत बन्द रहने जनाइएको छ ।

स्थानीय प्रशासनले सर्वसाधारणलाई सुरक्षा जाँचमा सहयोग गर्न तथा कुनै पनि शंकास्पद गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालयमा तुरुन्त जानकारी गराउन आग्रह गरेको छ ।

**चुनाव...**

पुगेको कांग्रेसले १०० सिट पार गर्ने अपेक्षा राखेको छ । तर, त्यो अपेक्षा पूरा गर्न कांग्रेसको आन्तरिक समस्या चुनौति बनेको राजनीतिक विश्लेषकहरू बताउँछन् । देउवा चुनावबाहिर हुँदा कांग्रेसलाई डडेल्धुराको साख जोगाउन निकै संघर्ष गर्नु परिररहेको छ । देउवानिकट केही कार्यकर्ताहरूले चुनावी अभियानमा जिल्ला आउन आग्रह गरे पनि उनले बेवास्ता गरिरहेका थिए, जसका कारण कांग्रेसलाई यसपटक सकस हुने देखिएको छ ।

सुदूरपश्चिमबाट चुनाव लडेर देशकै राजनीतिमा प्रभाव पार्ने कांग्रेसकै रमेश लेखक पनि यसपटक निर्वाचनबाट बाहिर छन् । लेखकको चुनाव लड्ने चाहना हुँदाहुदै उनलाई कांग्रेस नेतृत्वले टिकट दिन चाहेन । जेनजी आन्दोलनका क्रममा लेखक गृहमन्त्री थिए । उनी कञ्चनपुर क्षेत्र नम्बर ३ बाट चुनाव लड्दै आएका थिए । सो क्षेत्रमा कांग्रेसले हरिप्रसाद बोहरालाई उम्मेदवार बनाएको छ । कञ्चनपुरको निर्वाचन क्षेत्र नम्बर ३ कांग्रेसको गढ नै मानिन्छ । कांग्रेसले वर्चश्व जमाएको क्षेत्रबाट लेखक २०५६, २०७० को दोस्रो संविधानसभा र २०७९ को प्रतिनिधि सभा सदस्य निर्वाचित भएका थिए ।

कांग्रेसले २०७९ को निर्वाचनमा माओवादीसँगको चुनावी गठबन्धनमा सुदूरपश्चिमका १६ क्षेत्रमध्ये ८ सिट जितेको थियो । अहिले एक्लै प्रतिस्पर्धा र देउवाको अनुपस्थितिले यो प्रदेश कांग्रेसका लागि थप जोखिम बढाएको छ । देउवाको मौनताले सभापति गगन थापामाथि समेत राजनीतिक दबाब बढेको छ । पार्टीभित्रको गुटबन्दी, नेतृत्व परिवर्तन र चुनावी रणनीतिको सन्दर्भमा यो विषयलाई अर्थपूर्णरूपमा हेरिएको छ ।

**एकै महिनामा...**

कारण मुटुको मांसपेशीमा रगत प्रवाह रोकिनु हो । मुटुको धडकन असामान्य रूपमा छिटो वा ढिलो भई मुटुले रगत पम्प गर्न छोडेर मस्तिष्कमा रक्तस्राव वा रगतको आपूर्ति रोकिने उल्लेख गर्दै उनी भन्छन्, ‘त्यस्तो मृत्यु बिहानको समयमा बढी हुने गरेको छ ।’

अत्याधिक मादक पदार्थ सेवन गरेर सुत्दा फोक्सोको नलीमा रगत जमेर अवरोध हुने र मृत्यु हुने गरेको डा अधिकारी बताउँछन् । फुर्तिलो र औषधि सेवन नगर्दैमा त्यसलाई निरोगी भन्न नमिल्ने उल्लेख गर्दै उनी भन्छन्, ‘यस्तो हुने स्वास्थ्य परीक्षण नगराएर हो । लक्षण नदेखिने मुटुको जोखिम कारकहरू जस्तै उच्च रक्तचाप, मधुमेह, धूम्रपान, र अव्यवस्थित जीवनशैलीले यस्तो मृत्युको सम्भावना हुन्छ ।’

रगतमा उच्च कोलिस्टोल, उच्च रक्तचाप, मधुमेह, धुम्रपान, मध्यपान, मोटोपनका कारण अचानक मृत्यु हुने गरेको अधिकारी बताउँछन् ।

सामान्यतया धेरै समय लामो दूरीको उडान वा बस वा कारमा यात्रा गर्दा वा डेस्कमा लामो समयसम्म खुट्टा नहल्लाइकन निष्क्रिय बस्दा पनि यस्ता समस्या आउन सक्छन् । वृद्धावस्था, उच्च रक्तचाप, मधुमेह, कोलेस्टोरोल, सुर्ती तथा मदिराजन्य पदार्थको लत लगायतले स्ट्रोकको जोखिम बढाउँछ ।

सामान्यतया मुटुको धड्कन प्रतिमिनेट ६० देखि १०० पटक धड्किन्छ । जब मुटुको धड्कन नियन्त्रण गर्ने मुटुको विद्युतीय संकेतमा समस्या हुन्छ र राम्रोसँग काम गर्दैन । यस्तोमा मुटुको कुनै भागमा वा रगत पम्प गर्न समस्या भएको हुनसक्छ । जसकारण मुटुको धड्कन धेरै छिटो वा ढिलो धड्किन थाल्छ । यसरी मुटुको चालमा अनियमितता आउनु कार्डियाक एरिथमिया हो । यस्तो अवस्थामा एक्कासि टाउको दुख्ने, थकान लाग्ने, चक्कर लाग्ने, मुटु ढुकढुक गर्ने, पसिना आउनु, छाती दुखेर सास फेर्न कठिनाइ हुने, बेहोस भई भुईंमा लडेर घटनास्थलमै मृत्यु हुनसक्छ ।

यसबाट बच्न शारीरिक व्यायाम सन्तुलनमा गर्ने, पौष्टिक आहार खाने, पर्याप्त निद्रा लिने, दीर्घ रोग भए चिकित्सकको निगरानीमा औषधि खाएर नियन्त्रण गर्ने जस्ता अभ्यास गर्नुपर्ने चिकित्सकहरुको सल्लाह छ ।

जनस्वास्थ्य विद् डा. रबिन्द्र समीर बदलिएको जीवनशैलीका कारण यस्ता घटना बढेको बताउँछन् । अस्वस्थ खाना र जीवनशैलीले साइलेन्ट हार्ट अट्याक बढ्दै गएको उनी बताउँछन् । ‘अस्वस्थ जीवनशैलीले भित्रभित्रै प्रेसर, कोलेस्ट्रोल बढिरहेको हुन्छ’ डा समीर भन्छन्, ‘त्यसमाथि मादक पदार्थ, धुम्रपान सेवन गर्दा साइलेन्ट हार्ट अट्याक आउँछ र सुतेकै अवस्थामा मृत्यु हुन्छ ।’ सामान्य अबस्थाका मानिसहरूको पनि अकस्मात ज्यान गइरहेका कारणले समय समयमा सुगर, प्रेसर, कोलेस्ट्रल अनिवार्य जाँच गराउन उनी सल्लाह दिन्छन् ।

**इपिएस...**

श्रमिकहरूलाई उपलब्ध हुँदै आएको रोजगारीका क्षेत्रहरूको विस्तारबारे विस्तृतमा छलफल भएको छ ।

त्यसैगरी नेपाली श्रमिकहरूको भाषा तथा सीप विकासमा दुई देशबीच आपसी सहकार्य, नेपाली श्रमिकहरूको कार्यस्थल सुरक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षालगायतका कल्याणकारी कार्यहरूको विस्तार एवं सुदृढीकरण गर्ने विषय र कोरियाबाट फर्किएका नेपाली श्रमिकहरूको पुनःएकीकरणलगायतका विषयमा पनि छलफल भएको नेपाली दूतावासले एक विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

बैठकमा सचिव डा. काफ्लेले दुई देशबीचको श्रम सहकार्यको महत्वमाथि प्रकाश पार्नुका साथै कोरिया सरकारले नेपाली श्रमिकप्रति देखाएको विश्वास र नेपालको आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको योगदानप्रति धन्यवाद व्यक्त गरेको दूतावासको विज्ञप्तिमा उल्लेख छ ।

कोरियाको रोजगार तथा श्रम मन्त्रालयका उपमन्त्री पिल हुन् सन्ले बैठकमा नेपाली पक्षबाट प्रस्तुत भएका विषयहरूप्रति कोरिया सरकार सकारात्मक रहेको भन्दै रोजगार अनुमति प्रणालीसम्बन्धी द्विपक्षीय समझदारीको शीघ्र नवीकरण गर्न आफूहरू तयार रहेको, कोरियाको विकासमा नेपाली श्रमिकहरूको महत्वपूर्ण योगदान रहेको, कोरियामा कार्यरत नेपाली श्रमिकहरूको समग्र सुरक्षा प्रत्यभूतिमा कोरिया सरकार प्रतिबद्ध रहेको र छलफलका क्रममा प्रस्तुत भएका केही विषयवस्तुहरूमा थप छलफल गर्नुपर्ने धारणा राखेका छन् ।

कोरियामा रोजगार व्यवस्थापन सम्बन्धमा पछिल्लो समय नेपालमा विकसित घटनाक्रमका बारेमा आफूहरू जानकार रहेको र सो सम्बन्धमा नेपाल सरकारले खेलेको सकारात्मक भूमिकाप्रति कोरियाले धन्यवाद व्यक्त गरेको पनि विज्ञप्तिमा उल्लेख छ ।

**मटपेटिका...**

छ । गृह मन्त्रालयले इजाजत लिएर राखिएका हतियार निर्वाचन अवधिभर प्रशासनमा बुझाउन निर्देशन दिएको भए पनि १५ हजारभन्दा बढी हतियार अझै बुझाइएको छैन ।

निर्वाचन अवधिभर मदिरा बिक्री तथा ओसारपसारमा रोक लगाउने सिफारिस गरिएको छ । साथै नेपाल-भारत र नेपाल-चीन सीमा ७२ घण्टा ‘सिल’ गर्ने तयारी गरिएको छ । अत्यावश्यक सेवाबाहेक आवागमनमा कडाइ गरिनेछ । सरकारले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सबै सुरक्षा संयन्त्रलाई चुस्त राखिएको जनाएको छ ।

# मतदाता दिग्भ्रमित पार्ने सामग्री सम्प्रेषण नगर्न आग्रह

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले आसन्न निर्वाचनलाई असर पार्ने र मतदातालाई दिग्भ्रमित पार्ने खालका कुनै पनि सामग्री सम्प्रेषण नगर्न आग्रह गरेको छ ।

काउन्सिलको शुक्रबार बसेको बैठकले निर्वाचनजस्तो संवेदनशील विषयमा निर्वाचनलाई प्रभाव पार्ने किसिमका, निर्वाचनमा भाग लिएका राजनीतिक दल तथा उम्मेदवारलाई नकारात्मक असर पुर्याउने, मतदातालाई दिग्भ्रमित पार्ने खालका, निष्पक्ष मतदानमा असर पुग्नेगरी चुनावी विश्लेषणात्मक सामग्रीका साथै विदेशी सञ्चारमाध्यमबाट सम्प्रेषित निर्वाचनलाई प्रभाव पार्ने किसिमको प्रकाशन, प्रसारण वा सम्प्रेषण नगर्न नगराउन आग्रह गरिएको छ ।




‘बिबिसी वर्ल्ड न्यूज सर्भिसबाट २०८२ फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्मुखमा २०८२ फागुन १४ गते ‘सट लाइक इनिमिजः इनसाइड नेपाल्स जेनजी अपराइजिङ’ विषयक वृत्तचित्र बिबिसीको युट्युब च्यानलबाट समेत सम्प्रेषण भएको देखिएको छ’, काउन्सिलका सहप्रवक्ता रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘नेपाली सञ्चारमाध्यमले उक्त वृत्तचित्रको विश्वसनीयताको परीक्षण नै नगरी आफ्नो धारणासहित विश्लेषण गर्दै सामग्री सम्प्रेषण गरिरहेको देखिएको छ ।’ काउन्सिलले निर्वाचनको सम्मुखमा विदेशी सञ्चारमाध्यमबाट वृत्तचित्रको नाममा निर्वाचनलाई प्रभाव पार्ने किसिमबाट यस्ता सामग्री सम्प्रेषण भएको र बिबिसी विदेशी मुलुकबाट सञ्चालित भएको हुँदा उक्त सञ्चारमाध्यम र त्यसअन्तर्गतको सामाजिक सञ्जालबाट सम्प्रेषित सामग्रीको नियमन गर्ने विषय यस काउन्सिलको स्पष्ट क्षेत्राधिकारभित्र पर्ने नदेखिएकाले कूटनीतिक समन्वयमार्फत प्रक्रिया अगाडि बढाउन नेपाल सरकार र निर्वाचन आयोगलाई अनुरोध गरी पत्राचार गर्नेसमेत बैठकले निर्णय गरेको जनाएको छ ।

# कालीकोटमा निर्वाचन अवधिमा ड्रोन उडाउन प्रतिबन्ध

**कालीकोट/मस–** कालीकोटमा ‘रिमोटली प्वाइन्टेट एयरक्राप्ट’ (आरपीए) र ‘ड्रोन क्यामेरा’ उडाउन तीन दिनका लागि प्रतिबन्ध लगाइएको छ । यही फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गरेर निर्वाचन भन्दा तीन दिनअघिदेखि निर्वाचन सम्पन्न नहुँदासम्मका लागि आरपीए र ड्रोन उडाउन प्रतिबन्ध लगाउने निर्णय जिल्ला सुरक्षा समितिले गरेको हो ।

सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा व्यक्तिगत र संस्थागत तवरबाट विभिन्न उद्देश्यहरू लिई आरपीए/ड्रोनलगायत उपकरणको प्रचलन बढ्दै आएको र सुरक्षा अवस्थामा असर नपुग्नेगरी उडान, अनुमति र अन्य नियमनसम्बन्धी व्यवस्थालाई अद्यावधिक गर्न मानवरहित हवाई उपकरण आरपीए/ड्रोन उडानसम्बन्धी कार्यविधि, २०७५ जारी भई लागूसमेत भइसकेकाले निर्वाचन अवधिमा उडान गर्न प्रतिबन्ध लगाइएको प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयलले बताए ।

निर्वाचनको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी अनुमति लिई सञ्चालनमा रहेका ड्रोन प्रयोगकर्ताको हकमा निर्वाचन मितिभन्दा तीन दिन अगाडिदेखि निर्वाचन सम्पन्न नहुँदासम्म आरपीए/ड्रोन उडान प्रतिबन्ध लगाइएको उनले बताए । उनले निर्वाचन अवधिमा सुरक्षा निकायबाहेक अन्य व्यक्ति/संस्थालाई ड्रोन उडानमा रोक लगाउने निर्णय भएको र अन्यथा प्रचलित कानुनबमोजिम कारबाही हुने उल्लेख गरे ।

# कामपाको १० वटा वडाभित्रका ५ सय ९ स्थानमा प्राचीन नाम पहिचान

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले १० वटा वडाभित्रका ५ सय ९ वटा स्थानका प्राचीन र मौलिक नाम निश्चित भएको जनाएको छ । सम्पदा तथा पर्यटन विभागले एकीकृत सहरी विकास केन्द्रसँगको सहकार्यमा यसअघि दुई चरणमा गरेको अध्ययनबाट ४ सय ३० वटा मूल नाम र ७९ वटा सहायक नाम यकिन गरेको कामपा सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राईले जानकारी दिइन् । त्यसैगरी, तेस्रो चरणमा थप आठवटा वडाको मौलिक र प्राचीन नाम अध्ययन गर्ने सम्झौता अवसरमा यससम्बन्धी जानकारी दिइएको हो । तेस्रो चरणको अध्ययनका लागि कार्यवाहक प्रमुख सुनिता डंगोल, प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं र सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतको रोहबरमा सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राई र एकीकृत सहरी विकास केन्द्रका कार्यकारी निर्देशन रिजा जोशीले हस्ताक्षर गर्नुभएको हो । यस चरणमा वडा नं १२, १३, १५, २१, २२, २३, २७ र २८ का बस्ती तथा स्थानको मौलिक नामको अध्ययन गरिने राईले जानकारी दिइन् । सम्झौता अवसरमा कार्यवाहक प्रमुख डङ्गोलले, नाम केवल बोलाउनका लागि प्रयोग गरिने शब्दमात्र नभएको उल्लेख गरिन् ।

**मलेसिया र युएईमा रोजगार**

कम्पनीः KAWALAN ISBA SDN. BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/११/१५ चलानी नं.: ६०२५३१६० LT. No.: 339672

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 44 | 0 | स. काममा दक्ष | 1700 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः ZUNOOD TECHNICAL SERVICES EST. शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/११/१५ चलानी नं.: ६०२५३१६१ LT. No.: 339671

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 1500 | ५९,२८० | | | | | | | |
| 3. | Labour | 3 | 0 | | 1000 | ३९,५२० | | | | | | | |
| 4. | Electrician | 5 | 0 | | 1500 | ५९,२८० | | | | | | | |
| 5. | Electrician Assistant | 3 | 0 | | 1200 | ४७,४२४ | | | | | | | |
| 6. | Tile Layer.. | 1 | 0 | | 1500 | ५९,२८० | | | | | | | |
| 7. | Stone Mason | 1 | 0 | | 1500 | ५९,२८० | | | | | | | |
| 8. | Building Painter Assistant | 1 | 0 | | 1200 | ४७,४२४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २३ गते (7 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

मध्यान्ह
www.madhyanhadaily.com




# मतदानकै दिन साँझदेखि मतगणना सुरु हुने नतिजा छिटो सार्वजनिक गर्ने लक्ष्य

**काठमाडौं/मस-** निर्वाचन आयोगले यस पटक मतपेटिका संकलनको समय घटाउने र मतदानकै दिन साँझबाट मतगणना सुरु गर्ने योजना बनाएको छ।

मतदाताको प्रतीक्षाको समय छोट्याउन आयोगले यस्तो रणनीति लिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताएका हुन् । निर्वाचन आयोगले मतदान सम्पन्न भएलगत्तै छिटोभन्दा छिटो नतिजा सार्वजनिक गर्नेगरी तयारी तीव्र पारेको उनले बताए ।

प्रवक्ता भट्टराईकाअनुसार विगतका अनुभवहरूलाई ध्यानमा राख्दै यो पटक मतपेटिका संकलन गर्ने समयलाई उल्लेख्य रूपमा घटाइनेछ । आयोगको योजनाअनुसार मतदान सकिएकै दिन साँझबाट मतगणना शुरु गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यसका लागि राजनीतिक दलहरूसँगको समन्वयमा मतदान हुनुपूर्व नै मतगणना स्थल र आवश्यक व्यवस्थापन मिलाइसकिने उनले बताए । मतदाताहरूको नतिजा सुन्ने व्यग्रतालाई सम्बोधन गर्न आयोगले यो 'गुड इन्टेन्सन' राखेको प्रवक्ता भट्टराईले स्पष्ट पारे । स्थानीय स्तरमा आउनसक्ने प्राविधिक कठिनाइहरूलाई ध्यानमा राख्दै आयोगले अप्टिमम रूपमा काम गर्ने लक्ष्य लिएको छ । धेरैजसो निर्वाचन क्षेत्रमा मतगणना स्थलहरू जिल्ला सुरक्षा समितिसँगको समन्वयमा तोकिसकिएको पनि उनले जानकारी दिए ।




११ दल र एक हजार ६ सय ७० उम्मेदवारले मात्र खोले बैंक खाता

यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका तीन हजार ४ सय ६ प्रत्यक्ष उम्मेदवारमध्ये एक हजार ६ सय ७० जना उम्मेदवारले मात्र बैंक खाता खोलेको निर्वाचन आयोगले जनाएको छ।

यसैगरी निर्वाचनमा भाग लिएका ६५ दलमध्ये ११ दलले मात्र खाता खोलेका छन् । हालसम्म खाता खोल्ने दलमा नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी रहेका आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् ।

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्च सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैंक खाता खोल्ने व्यवस्था गरिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भइ समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरूले कार्यविधिअनुसार निर्वाचन प्रचारप्रसारका लागि खाता खोल्ने व्यवस्था गरिएको छ । सोही खातामार्फत आर्थिक सहयोग लिइ गर्ने आम्दानी खर्च कारोबार गर्न भनिएको छ।

एकाघरका परिवारको बैंक खातामा आयोगको निगरानी

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनका उम्मेदवारका एकाघरका परिवारको बैंक खाता निगरानी सुरु गरेको छ। निर्वाचन सम्बन्धी सम्पूर्ण खर्च बैंकिङ प्रणालीमार्फत गर्नेगरी बैंक खाता खोल्न राजनीतिक दल र उम्मेदवारलाई पटक पटक ध्यानाकर्षण गराउँदा पनि अधिकांश उम्मेदवारले बैंकिङ कारोबार भन्दा बाहिर खर्च गरेकाले आयोगले परिवारसहितको खातामा निगरानी बढाएको हो ।

चुनावी खर्चलाई पारदर्शी बनाउन आयोगले आचारसंहितामा नै बैक खातामार्फत चुनावी खर्च गर्नुपर्ने व्यवस्था गरेको थियो । बैंक खातामार्फत निर्वाचन खर्च गर्नुपर्ने प्रावधानको पालन नभएपछि आयोगले निर्वाचन प्रचारप्रसारको समयमा उम्मेदवारसहित परिवारका सदस्यहरुको बैंक खाताको कारोवारमा निगरानी बढाएको हो । केन्द्रीय निर्वाचन आचारसंहिता तथा अनुगमन समितिका संयोजक समेत रहेका आयुक्त सगुन शमशेर जबराले बैंक खातामार्फत निर्वाचन खर्च नगर्ने उम्मेदवारलाई निर्वाचन आचारसंहिता उल्लंघन गरेको आधारमा प्रचलित कानुनअनुसार आयोगले कारबाहीको निर्णय गर्ने बताए। उम्मेदवारको चुनावी खर्चको अनुगमन जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट भईरहेको उनले उल्लेख गरे ।

# सामाजिक सञ्जालमा भिड्ने काम नगरौं, मुलुकमा घृणा फैलाउँछ : गगन थापा

**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीका नेता, कार्यकर्तालाई सामाजिक सञ्जालमा भिडेर बस्ने काम नगर्न निर्देशन दिएका छन् ।

शुक्रबार पोखरामा आयोजित चुनावी सभामा बोल्दै उनले सामाजिक सञ्जालले घृणा फैल्याउने काम गर्ने भएकाले त्यसको भर नपरी घरघरमा गएर प्रचार अभियानमा जुट्न सिंगो पार्टी पंक्तिलाई आह्वान गरेका हुन् ।

सभापति थापाले मुलुक एक्लै नबन्ने भएकाले आफूले सबै दललाई सँगै लिएर अघि बढ्ने बाटो तय गरेको समेत बताए । आफूले प्रधानमन्त्री हुने मौका पाए सबै दलहरुलाई साथ लिएर अघि बढ्ने सभापति थापाको भनाइ थियो ।

देश एक्लै नबन्ने उल्लेख गर्दै उनले एमाले, रास्वपालगायतका सबै दलसँग सहकार्य गरेर अघि बढ्नु नै मुलुकको हितमा हुने समेत बताए ।

सभापति थापाले भने, 'तपाईंहरुले केवल सामाजिक सञ्जालमा भिडेर मात्रै हुँदैन । सामाजिक सञ्जाल जहिले पनि सामान्यता कसको पक्षमा हुन्छ ? जसले घृणा फैल्याउँछ । जस्तो म अहिले यहाँ आए । यहाँ आएर २ जनालाई गाली गरेँ । केही तुच्छ कुरा बोले । बेलुका त्यो भाईरल हुन्छ । त्यो कन्टेन्ट बन्छ । तर मैले प्रेमको कुरा गर्छु । सृजनाको कुरा गर्छु । विकासको कुरा गर्छु,



मिलाउने कुरा गर्छु । किन मलाई थाहा छ- देश एक्लैले बन्दैन, एक्लैले चल्दैन। मैले भोली प्रधानमन्त्री बन्ने मौका पाएभने मलाई एमाले पनि चाहिन्छ, मलाई माओवादी चाहिन्छ । मलाई रास्वपा चाहिन्छ । मलाई सबै पार्टी चाहिन्छ नि त । मैले त सबैलाई लिएर जानुपर्छ । संविधान संशोधन गर्नुपर्छ । चाहिएन, मलाई ६, ७४३ वडाको वडाध्यक्षको साथ चाहिन्छ । सात प्रदेशको साथ चाहिन्छ । चाहिँदैन ?' सभापति थापाले सामाजिक सञ्जालमा तुच्छ कुरा गरेर आफू भाईरल हुने पक्षमा नरहेको पनि बताए ।

# रविलाई मीनाको चुनौती, अरू छायामा

**मध्यान्ह संवाददाता**
चितवन, १५ फागुन

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनमा सबैभन्दा बढी चर्चाको क्षेत्र चितवन-२ पनि हो। बागमती प्रदेशअन्तर्गत पर्ने यो निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई नेपाली कांग्रेसकी उम्मेदवार मीना खरेलले टक्कर दिएकी छन् ।

चितवन जिल्ला निर्वाचन कार्यालयका अनुसार यस क्षेत्रमा राजनीतिक दल र स्वतन्त्र गरेर २३ जना उम्मेदवार चुनावी मैदानमा छन् । रास्वपा सभापति लामिछाने तेस्रो पटक उम्मेदवार बन्दा नेपाली कांग्रेसले समाजसेवी खरेललाई उम्मेदवार बनाएको हो । त्यस्तै एमालेबाट अस्मिन घिमिरे उम्मेदवार छन् भने नेकपाले प्रताप गुरुङलाई उम्मेदवार बनाएको छ । यी उम्मेदवारमध्ये रविजत्तिकै चर्चामा मीना उत्रिएकी छन् । भुइँमान्छेको आवाज बनेर समाजसेवा, महिला अधिकार तथा बालबालिकाको क्षेत्रमा राम्रो पहिचान बनाएकी खरेलले यसपटक आफूले जित्ने दाबी गरेकी छन् । उनने भनिन्, 'चितवन-२ का आम मतदाताले सामाजिक सञ्जालका भरमा निर्णण लिँदैनन् भन्नेमा म विश्वस्त छु, म हल्लाभन्दा कामलाई प्राथमिकता दिने व्यक्ति हुँ । त्यसकारण मलाई यहाँका नागरिकले राम्रोसँग चिनेकै छन् । मेरो जितलाई कसैले रोक्न सक्दैनन् ।'





यद्यपि उनलाई जित निकाल्ने दाबीलाई मत परिणाममा बदल्न भने चुनौतीपूर्ण छ । तर यसपटक चितवन कांग्रेसको एकता र लामो समयपछि भोट हाल्न पाउने सुनिश्चितताले जित निकाल्ने आशा कांग्रेसको छ । भरतपुर-४ की स्थायी बासिन्दा अविवाहित खरेल विगत तीन दशकभन्दा बढी समयदेखि महिला अधिकार र बालबालिकाको पुनर्स्थापनामा सक्रिय रूपमा काम गर्दै आएकी छन् । साथै उनले महिलाले कानुनी सहयोग, सीपमूलक तालिम र आर्थिक आत्मनिर्भरतामा काम गरेका कारण चुनाव जित्ने दाबी कांग्रेसले गरेको छ । यस क्षेत्रमा धेरैजसोले अघिल्लो चुनाव जस्तो रविलाई सहज नभएको र जितेपनि यसअघिको जस्तो ठुलो अन्तर नहुने बताएका छन् । २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा चितवन-२ बाट रविले जितेका थिए । तर नागरिकता विवादका कारण सांसद पद गुमाएपछि २०८० को वैशाखमा भएको उपनिर्वाचन लामिछाने ५४ हजार १७६ मत प्राप्त गर्दै विजयी भएका थिए । दोस्रो स्थानमा रहेका कांग्रेसका जितनारायण श्रेष्ठले ११ हजार २१४ मत प्राप्त गरेका थिए भने एमालेका रामप्रसाद न्यौपानेले १० हजार ९३६ मत प्राप्त गरेका थिए । त्यसअघि २०७९ को निर्वाचनमा यस क्षेत्रबाट लामिछाने ४९ हजार ३०० मत प्राप्त गर्दै विजयी हुँदा दोस्रो भएका कांग्रेसका उमेश श्रेष्ठले १४ हजार ९८८ मत प्राप्त गरेका थिए । त्यस्तै एमालेका कृष्ण भक्त पोखेलले १४ हजार ६५२ मत पाएका थिए । सो निर्वाचनमा समानुपातिकतर्फ रास्वपाले ३५ हजार ९४५ मत प्राप्त हुँदा एमालेले १६ हजार ७८४ मत पाएको थियो भने कांग्रेसले १२ हजार १३२ मत प्राप्त गरेको थियो ।

अहिले रास्वपा र कांग्रेसका उम्मेदवारबाहेक अरूको खासै चर्चा छैन । मिडिया र सामाजिक सञ्जालमा रास्वपाको पक्षमा लहर देखिएको छ भने कांग्रेसकी खरेलले रणनीतिक रूपमा मतदातामाझ पुगेर भोट फर्काउने प्रयासमा छन् । यसले रविलाई चुनौती हुनसक्ने स्थानीयहरू बताउँछन् । रवि चुनाव जितेपनि उनले सांसदको शपथ लिन पाउँछन् कि पाउँदैनन् भन्ने प्रश्नका बीच मतदाताहरू अलमलमा परेका छन् ।

रविले अघिल्लो पटक ठुलो मतान्तरले जितेको र रास्वपाको आधार इलाकाको रुपमा रहेको चितवनमा उनको प्रभाव कायमै छ । तर यस पटक धेरै मतदाताले रविविरुद्धका मुद्दा र उनी निर्वाचित भए पनि सांसदको शपथ लिन नपाउने, फेरि उपनिर्वाचन हुनसक्ने जस्ता प्रश्न उठाएका छन् । यसको फाइदा कांग्रेस उम्मेदवार खरेललाई हुने देखिन्छ । यस क्षेत्रका केही मतदातासँग कुरा गर्दा उनीहरूले रास्वपाप्रति सहानुभूति देखाएपनि रविले जितेर पनि क्षेत्र जनप्रतिनिधिविहीन हुने अवस्थाप्रति सचेत रहेको बताउँछन् । चितवन क्षेत्र नम्बर २ संसदीय निर्वाचन क्षेत्रमा इच्छाकामना गाउँपालिका, कालिका नगरपालिका र भरतपुर महानगरपालिकाको वडा नम्बर १ देखि ५, वडा नम्बर ७, वडा नम्बर १० देखि १२ र वडा नम्बर २९ लगायतका वडाहरू समावेश गरिएको छ।

# सैनिक कमाण्ड तथा स्टाफ तालिमको दीक्षान्त समारोह सम्पन्न

**काठमाडौं/मस-** प्रधानसेनापति अशोकराज सिग्देलले शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजमा सञ्चालित ३२औं समूहको तालिममा सर्वोत्कृष्ट शिक्षार्थीलाई पुरस्कार प्रदान गरेका छन् ।

कलेजमा शुक्रबार आयोजित दीक्षान्त समारोहमा उनले प्रथम हुने सेनानी दीपेन्द्रविक्रम केसी सर्वोत्कृष्ट तथा भारतीय सेनाका मेजर अनमोल चौधरीलाई सर्वोत्कृष्ट अन्तरराष्ट्रिय शिक्षार्थी अधिकृतको पुरस्कार प्रदान गरे।

सो अवसरमा प्रधानसेनापति सिग्देलले कलेजको वार्षिक प्रकाशन शिवपुरी जर्नलको २७औं संस्करण विमोचन गरेका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। सोही कार्यक्रममा 'मास्टर इन स्टाटेजिक स्टडिज'मा कार्यक्रमतर्फ प्रथम भएका भारतीय सेनाका मेजर चौधरीलाई त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा.दीपक आचार्यले पुरस्कार प्रदान गरे। 'कमाण्डान्ट पेपर'तर्फ प्रथम भएका सेनानी सञ्जय सिलवाल र सहसेनानी विनोदकुमार गुरागाईंलाई शिक्षाधिकृत उपरथी भुवन खत्रीले पुरस्कार प्रदान गर्नुभयो। उक्त तालिम नेपाली सेनाका ८१, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका एक/एक तथा मित्रराष्ट्र बंगलादेश, चीन, भारत, केन्या, माल्दिभ्स, नाइजेरिया र पाकिस्तानका गरी सात विदेशीसहित ९१ जना अधिकृतले पूरा गरेका सेनाले जनाएको छ ।




सैनिक कमाण्ड तथा स्टाफ कलेजबाट हालसम्म नेपाली सेनाका एक हजार ३ सय ८, नेपाल प्रहरीका १७, सशस्त्र प्रहरी बल नेपालका २९, राष्ट्रिय अनुसन्धान विभागका २०, रक्षा मन्त्रालयका एक र विभिन्न राष्ट्रहरूका १ सय ३२ शिक्षार्थी अधिकृत प्रशिक्षित भएका छन् ।


**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौं**
**सार्वजनिक सूचना**
**सूचना प्रकाशित मिति : २०८२/११/१६**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Pokhara Recruitment Pvt.Ltd. इ.प.नं. १४२६/०७४/७५** काठमाडौंको सञ्चालक/शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरि दिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| साविकका शेयरधनीहरुको नाम | अब कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १.मनमाली परियार-०१ देखि ५,८०० सम्म<br>२.किरणहरी शर्मा पण्डित-५,८०१ देखि ११,५०० सम्म<br>३.तलिक बहादुर शर्मा-११,५०१ देखि १७,२०० सम्म<br>४.सतिश कायस्थ-१७,२०१ देखि २२,९०० सम्म<br>५.रविन्द्र नाथ न्यौपाने-२२,९०१ देखि २८,६०० सम्म<br>६.शोभित चन्द्र श्रेष्ठ-२८,६०१ देखि ३४,३०० सम्म<br>७.उमेश भण्डारी-३४,३०१ देखि ४०,००० सम्म<br>८.रामचन्द्र पन्थ-४०,००१ देखि ५०,००० सम्म<br>९.सुरज अर्याल-५०,००१ देखि ६०,००० सम्म<br>१०.पुर्ण बहादुर पोखरिया-६०,००१ देखि ७०,००० सम्म<br>११.उत्तम गुरुङ्ग-७०,००१ देखि ८०,००० सम्म | १.रामचन्द्र पन्थ-०१ देखि १४,००० सम्म<br>२.रविन्द्र नाथ न्यौपाने-१४,००१ देखि २८,००० सम्म<br>३.सुरज अर्याल-२८,००१ देखि ४२,००० सम्म<br>४.उपेन्द्र अधिकारी-४२,००१ देखि ५६,००० सम्म<br>५.अर्जुन विश्वकर्मा-५६,००१ देखि ७०,००० सम्म<br>६.पुर्ण बहादुर पोखरिया-७०,००१ देखि ८०,००० सम्म |

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तस्रो पटक प्रकाशित मितिः २०८२/११/१६**

**उदयपुर मनकामना ईङ्गलिस वोर्डिङ स्कुल** को मिति २०८२/१०/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी श्री **मनकामना पाठशाला (दर्ता नं. ७१०१२)** कायम गर्ने गरी मिति २०८२/१०/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाज कतारको आयोजनामा इफ्तार कार्यक्रम सम्पन्न




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १५ फागुन

अन्तर्राष्ट्रिय नेपाली मुस्लिम समाज कतारको आयोजनामा बृहत् इफ्तार कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार मुस्लिम धर्मावलम्बीको पवित्र महिना रमादानको अवसरमा मुन्तजामा रहेको गोरखाली रेस्टुरेन्टको हलमा शुभकामना आदान-प्रदानसहित इफ्तार कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमको उद्घाटन कुरान तिलावात (मौलाना जनाव)बाट गरिएको थियो । समाजका अध्यक्ष अजमत अलिको सभाध्यक्षता तथा समाजका संस्थापक अध्यक्ष तथा वर्तमान कार्यसमितिका संरक्षक मोहमद मुक्तदा मुसलमानको प्रमुख आतिथ्यतामा इफ्तार कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कतारमा स्थापित नेपाली संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो । कतारमा स्थापित जिल्ला संस्थाकातर्फबाट पाल्पाली सेवा समाज कतारका अध्यक्ष बिक्कि गरैले, प्रदेश समन्वय परिषद्कातर्फबाट मधेश प्रदेशका अध्यक्ष कलाम हुसेन खानले स्वागत मन्तव्य राखेका थिए, भने विभिन्न व्यक्तित्वहरूले शुभकामना मन्तव्य राख्दै धार्मिक सहिष्णुताले समाजमा सकारात्मक सन्देश दिने बताएका थिए ।

इस्लाम धर्मावलम्बीहरूको सबैभन्दा पवित्र महिना रमजानको महत्वका बारेमा धर्मगुरु इजहाक अलिले विस्तृत रूपमा प्रकाश पारेका थिए ।

उनले रमजानमा कठोर उपवास बस्ने बाहेक रमजान प्रतीक्षाको महिना पनि रहेको बताए । रमजानमा भोकै बस्नु प्यासी बस्नु मात्र रोजा नहुने बताउँदै हरेक गलत कार्यबाट टाढा रहनु पनी रोजा रहेको बताए । समादान सामाजिक, सांस्कृतिक, चालचलनसँग जोडिएको बताउँदै हरेक बालिग, समझदार महिला तथा पुरुषमाथि रोजा अनिवार्य गरिएको बताए । तर, वृद्धवृद्धा, अशक्त वा दीर्घ रोगी, यात्री, गर्भवती, रजस्वला भएकी, सुत्केरी वा स्तनपान गराउने महिलाहरूका लागि रोजा अनिवार्य गरिएको छैन ।

रोजाको वास्तविक उद्देश्य दिनभर खानपिनलाई छोड्नु मात्रै होइन । यसले मानिसमा आत्मशुद्धि, सन्तुष्टि र अल्लाहको भय उत्पन्न गराउँदछ। जसरी यो महिनामा कुविचार र कुकर्मबाट मानिस बच्छ, त्यही निरन्तरता अन्य ११ महिनामा पनि हुनुपर्ने व्यवहारिक प्रशिक्षण रोजाले दिन्छ। रोजाले मानिसलाई भलो र सदाचारी बन्न सहायता गर्छ। रमजान दान, प्रतिदान र क्षमा दानको महिना हो। यसमा गरिने प्रत्येक सुकर्म अन्य दिनको तुलनामा सात सय गुना प्रतिदान मिल्ने विश्वास गरिने गुरुले बताए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि मुक्तदाले कतारमा रहँदा कतारको कानुन तथा नेपालमा समेत धार्मिक सहिष्णुता ख्याल गर्न आग्रह गरे । उनले ईफ्तार कार्यक्रमले सकारात्मक सन्देश दिने बताए । कार्यक्रममा उपस्थितलाई समाजका संरक्षक साकीर अलिले स्वागत मन्तव्यद्वारा स्वागत गरेका थिए ।

का.महासचिव मौलाना नजिर मियाँले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष अलिले इफ्तार कार्यक्रममा जोडिने संघसंस्था प्रमुख तथा प्रतिनिधि, मौलाना तथा गुरुहरूलाई आभार व्यक्त गरेका थिए।


**भूल सुधार गरिएको सूचना**

मिति २०८२/११/१४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित अल्जेरियामा रोजगार शीर्षकको कम्पनीको नामः **SARL ASLAN CONSTRUCTION ET COMMERCE, पूर्व स्वीकृत मितिः २०८२/११/१२, चलानी नं.: ६०२५२९४९, र L.T. No.: 339499** को विज्ञापनको सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने भन्ने शीर्षकमा रु. २०,००० कामदारले व्यहोर्ने हनुपर्नेमा कामदार भन्ने शब्द छुटेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

SOUTH ASIAN EMPLOYMENT PVT.LTD.
श्रम इजाजत नं. ६१०/०६२/०६३
एयरपोर्ट -०९, सिनामंगल, काठमाडौं, नेपाल
फोन: ०१-४५८२०९८, ०१-४५८२०९९.
मोबाइल नं: ९८०११७७७७५, ९८५१००८०५१, ९८१३५००७३१
Email: saehrm@gmail.com, info@saenepal.com.np, Web: www.saenepal.com.np

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

सार्के अधिकारीको नातिनि, लालसिं अधिकारीको छोरी, रुकुम जिल्ला, बाँफिकोट गा.पा. वडा नं.०६ बस्ने, यस बैंकको बाँफिकोट शाखा कार्यालयको खातावाला हिमाली अधिकारीको मिति २०८२/०६/०५ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको बुवा लालसिं अधिकारीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

**Saudi मा रोजगार** Al Askar Transport
पूर्व स्वीकृती मितिः २०८२/११/१५ चलानी नं. ६०२५३०८५ LT No.: 329717

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Driver | 14 | काममा दक्ष | 1800 | ६९,७६०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ फागुन २३ गते (7 March, 2026) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौंमा हुनेछ ।

कसमस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि. श्रम ईजाजत नं. ७३३/०६८/०६९
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9802099984
9801199984, 9865728265, 9803269111 Email: info@cosmosnepalhr.com

कथा

# सडक पेटीमा पछारिएको त्यो दिन !



■ खिमराज गिरी

श्रीमानसँग फोनमा सम्पर्क नभएको पनि एक महिना भइसकेको थियो । चिन्ता उहाँकै थियो । त्यही आवेशमा आएर म नगर प्रहरीसँग प्रतिकारमा उत्रैं, तर के गर्न सक्थैं र ? उल्टो ढाडमा लट्ठी बजारियो । म भाग्न खोज्दा अचानक सडकमा पछारिएँ र बेहोस भएँ ।



बेलुकाको करिब पाँच बजिसकेको थियो । सडकमा सधैं झैं केही घरायसी कपडा पछ्यौरामा पोको पारेर सुन्धारा नजिकैको सडक पेटीमा जाँदै थिएँ । एकछिनपछि गन्तव्यमा पुगेँ र मेरा सामान त्यहीं अरूले राख्ने स्टल नजिकै राखेर म पनि सामान बेच्ने तरखरमा लागेँ । त्यो हाम्रो जीवन धान्ने दिनचर्या नै थियो र बेलुकी केही समयको लागि भनेर खुल्ला गरिएको थियो । संघीय सरकारको आदेशअनुसार निश्चित समय र स्थानमा कपडा बेच्न पाइने थियो र सोहीअनुसार मेरो दिनचर्या सुरु भएको थियो ।

मेरो घर एक दुर्गम पहाडी जिल्लामा पर्दथ्यो । घरमा वृद्ध सासू आमा मात्र हुनुहुन्थ्यो । धेरै पैसा कमाउने मनसायले श्रीमानले पनि आर्मीको सरकारी जागिर छोडेर विदेश जाने सपना बुन्दै हुनुहुन्थ्यो । पछि दुवै जनाको सल्लाह भयो र बच्चाको भविष्य पनि बन्ने, आफू पनि केही पैसा कमाउन सक्ने माध्यम नै सहर र विदेश देखेर नै घरमा ती वृद्ध सासू आमालाई एक्लै थोत्रो घरको जिम्मा लगाएर काठमाडौं आइयो ।

तर मेरो मनसाय नेपालमा नै बस्ने र केही व्यापार गर्ने थियो । तर उहाँको जिद्दीको अगाडि मेरो केही इच्छा चलेन र एक दिन बिचौलियालाई जागिर छोड्दा आएको केही रकम बुझाएर रुसतिर जाने निर्णय गर्नुभयो । रुस र युक्रेन बिचको युद्ध चलिराखेको थियो । दैनिक दुबै तर्फका सेना हताहत भएको खबर आइरहन्थ्यो । तथापि मेरो आग्रहलाई उहाँले लत्त्याएर एक दिन रुसको गन्तव्य पुग्न दिल्ली लाग्नुभयो र करिब २८ दिनपछि रसियामा पुगेर काममा लागेको खबर आयो ।

तर फोन सम्पर्क भने पाँच-छ दिनमा एक पटक हुन्थ्यो । मेरो दिमागमा भने यहाँको सडक व्यापार भन्दा पनि त्यहाँको युद्धमा गुन्जिएको बमवार्डको आवाजले सधैं नै पिरोलिरहन्थ्यो । आखिर, गरिब देशमा जन्म लिएको पछि हामी जस्ता गरिबको पक्षमा बोल्ने को हुँदो रहेछ र ? दैनिक भगवानको नाम पुकारेर बस्दथैं । तर महिना पुगे पनि पैसाको आश भने थिएन मलाई ।

एक दिन काठमाडौं महानगरले पनि सडक पेटीमा सामान बेच्ने व्यापारीलाई अब व्यापार गर्न नदिने निर्णय गरेछ । एकातिर बिदेसिएका श्रीमानको अवस्था दयनीय छ भने यता बालबच्चाले बुवा कहिले आउनुहुन्छ भनेर सोधेर हैरान पार्दथे । भएको पैसा बिचौलियालाई बुझाउँदैमा ठिक्क भयो भने अब सडक पेटीमा पनि व्यापार गर्न नपाइने भएपछि यो पापी सहरमा कसरी बाँच्ने र यो पापी पेट पाल्ने चिन्ताले सताउन थाल्यो ।

एक दिन अचानक व्यापार गर्न लागेको ठाउँमा नगर प्रहरी आए र भएको सामान सबै गाडीमा राखेर लैजाने तरखर गर्दै थिए, तर सबै साथीहरू भागे । म भने मेरो सामान लिएर उनीहरूकोमा झम्टिन पुगेँ । श्रीमानसँग फोनमा सम्पर्क नभएको पनि एक महिना भइसकेको थियो । चिन्ता उहाँकै थियो । त्यही आवेशमा आएर म नगर प्रहरीसँग प्रतिकारमा उत्रैं तर के गर्न सक्थैं र ? उल्टो ढाडमा लट्ठी बजारियो । म भाग्न खोज्दा अचानक सडकमा पछारिएँ र बेहोस भएँ । केही दिनपछि थाहा पाएँ कि, म त अस्पतालको बेडमा पो रहेछु । पछि यसो सम्झेर मेरा बच्चा कहाँ छन् भनेर सोधेको त कोठामा बस्ने छिमेकीले सम्हालेर राखेका रहेछन् । उता घरमा सासू आमा पनि बिरामी हुनुहुन्छ भन्ने खबर आयो ।

मैले कोठामा गएर बालबालिकाहरूलाई सम्हालेँ । त्यसपछि बालबालिकाहरूको स्कुल जान पनि रोकियो । स्कुलको फी पनि बन्द भयो । चुला चौका पनि चिसिए । सपनाको संसार बिस्तारै बिरानो हुँदै गयो । विदेशबाट श्रीमानको खबर पनि आउन छोड्यो । खाने गाँस पनि बन्द हुने जस्तो भयो । कतैबाट आउने आशा पनि बन्द भयो । आफन्तबाट पनि टाढिनुपर्ने बाध्यता भयो ।

यता भने चैतमा बारीमा फालिएको छेस्को जस्तो सडक पेटीबाट फालिएर बाँचेको थियो मेरो जीवन । आजका दिनमा हामीलाई लेखेर न त त्यो कुरूप सहरमा सुन्दरता छाएको छ न त हामी जस्ता गरिबलाई गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर नै जुटाइएको छ । देशमा जताततै भ्रष्टाचार व्याप्त छ । जनता भने केही व्यापार गर्न घर-जग्गा, फोहोर, पानी, बिजुली आदिको कर तिर्न स्थानीय र केन्द्रीय सरकारको दोहोरो मारमा परिरहेका छन् ।

तर स्थानीय सरकारले जनताको करको सदुपयोग भने जिम हल बनाउने, धर्मको नाममा पाटी पौवा निर्माण गरी अनावश्यक धार्मिक भ्रमणमा पैसा खर्च गर्ने, आफन्तको नाममा लाइब्रेरी निर्माण गर्ने, जनप्रतिनिधिलाई महँगो गाडी किन्ने, जन्मदिन मनाउँन सरकारी रकम खर्च गर्ने, अनावश्यक करारमा आसेपासे कर्मचारीको रूपमा भर्ना गर्ने गरेका छन् । अर्कोतिर जनताको दैनन्दिनी भने हरेक आवश्यकताबाट वञ्चित भएको छ ।

अझै पनि कयौं जना गाँस, बास, कपास र अति आवश्यक पर्ने स्वास्थ्य सेवाबाट वञ्चित भएका छन् । सहरको सुन्दरता खोज्ने नाममा परिश्रम गरेर खाने मानिसहरूलाई प्रहरी लगाएर लखेटिन्छ ! आखिर के हामीलाई लखेटेर, हाम्रो गाँस लुटेर सहरको ट्राफिक जाम रोकिएको छ ? हामी जस्ता गरिबको कुनै लेखाजोखा राखेको छ कुनै सरकारले ?

आज देशमा प्रजातन्त्र र गणतन्त्रका नाममा धेरै शोषण र अत्याचार भएको छ । धेरै नेताहरूको पालनपोषण गर्दैमा वाक्क दिक्क भएका छन् जनता ! बिचौलियाद्वारा धानिएको देशमा सर्वसाधारण जनताले पनि स्वतन्त्रता प्राप्त गर्न धेरै कठिन हुँदोरहेछ भन्ने अनुभव म जस्ती बबुरीले पनि पाएको छु ।

दिनहरू जसोतसो बित्दै गए । एक दिन श्रीमानले फोन गर्नुभयो र भन्नुभयो, 'सबै सन्चै छौ ? म यहाँ युद्धबन्दीको रूपमा रहेको छु, तैपनि सुरक्षित छु । घरमा आमा र बालबच्चालाई सोधेको छ भनिदिनु, राम्रोसँग बस्नु, मेरो पिर नगर्नु, गाउँतिरै गएर बस्नु, अब हामी जस्ता गरिबको लागि होइन त्यो सहर, बाँचे भेटौंला कुनै दिन ।' फोन राख्नुभयो ।

मन झन् भक्कानिएर आयो ! भगवानको नाम पुकार्नुबाहेक अरू उपाय केही देखिन मैले । यस्तो गरिब देशभन्दा पनि केही लुटेरा नेताहरूको देशमा जन्मेको फल हामीजस्ता गरिबले बाध्यताले झेल्दै छौं आज । तथापि मन सम्हालेर राखेँ र गाउँ जाने निर्णय गरेँ । भोलीपल्ट भएका सामानहरू लिएर दुई बालबच्चाहरूको साथमा गाउँ फर्कें ।

गाउँमा दिनहरू बित्दै गए । उता सासू आमाको अवस्था चिन्ताजनक थियो । अर्कोतिर विदेशबाट श्रीमानको फोन आउन छोड्यो । बच्चाहरूलाई गाउँको विद्यालयमा भर्ना गरेँ । एकातिर बिरामी सासू आमा अर्कोतर्फ कलिला बालबच्चाको हेरचाह र भविष्यको चिन्ताले झन् सताउन थाल्यो । छिमेकीहरू एक आपसमा खस्याकखुसुक कुरा काटिरहन्थे । र, मनमा सोच्दथैं, जसले पनि बलेको आगो न ताप्ने हुन् ।

एक दिन अचानक फोन आयो । अपरिचित नम्बर थियो, तैपनि मनमा त्रास लिएर फोन उठाएँ । र, एक जना नेपालीले भने, 'तपाईं श्यामकुमारको वाइफ हुनुहुन्छ ?'

'हो, म उहाँकै वाइफ, करुणा बोल्दै छु, किन ? उहाँलाई कस्तो छ ? सन्चै हुनुहुन्छ ?'

उनी अक्मकिए र भन्यो, 'उहाँ युद्धमा परेर निधन हुनुभयो । तर, शव भने हामीले फेला पार्न सकेनौं । हामी लास पठाउने प्रयास गर्दैछौं । जीवन यस्तै रहेछ, बैनी, पिर नगर्नू । भाग्यको लेखा कसको कहाँ गएर टुंगिन्छ, थाहै हुँदो रहेनछ । पैसा कमाउने लोभले हामी पनि फसियौं । नेपाल फर्किन्छु भनेर चाहेर पनि अब आउने उपाय छैन बैनी !' फोन राखिदिए ।

जीवनमा यहाँभन्दा बज्रपात अरू के हुन सक्छ र ? भगवानले पनि सायद मलाई मात्र होला यो संसारमा सहन सक्ने शक्ति दिएका भनेर मन सम्हाल्ने कोसिस गरेँ । यता बालबच्चाले बाबा कहिले आउनुहुन्छ भनेर सोधिराखेका छन् भने उता बिरामी सासू आमाले पनि छोराको खबर के छ भनेर सोधिरहँदा जवाफमा ठिकै छ भनेँ, तर आखिर युद्ध मैदानमा लड्दै लड्दै जीवनको अन्त्य भयो श्रीमानको !

आखिर ढाँटेको कुरा र फाटेको टोपी लुकाएर कहाँ लुक्थ्यो र ? एक दिन सबैले थाह पाइहाल्ने कुरा थियो । यसरी सुन्दर भविष्य देखाएर लोभ्याएको त्यो पापी सहरले एकातिर सडक पेटीमा नै पछार्‍यो भने अर्कोतिर सधैंको लागि श्रीमानसँगको बिछोड भयो ।

कथा

# धुमिल आकाश



■ रञ्जना बास्ताकोटी

दिउँसोको चार बज्न लाग्दा पनि आकाश उस्तै धुम्म थियो । हिउँदको चिसो हावाले सहरलाई कसैले मुठ्ठीमा च्यापेजस्तै कसेको थियो । रेखा अस्पतालको प्रयोगशालाबाट निस्केर बसपार्कतिर हतारिँदै थिई । हातमा रिपोर्टको खाम थियो- सेतो, हलुका, तर उसलाई त्यो ढुंगाभन्दा गह्रौं लागिरहेको थियो ।

उ तीन महिनादेखि अस्थायी जागिरमा (निजी अस्पतालमा ल्याब टेक्निसियन) काम गर्दै आएकी थिई । गाउँबाट स्नातक सकेर आएकी रेखाले सहरलाई सम्भावनाको खेत ठानेकी थिई । तर सम्भावनाको खेतमा पस्नुअघि काँडाघारी पार गर्नपर्छ भन्ने कुरा उसले बल्ल बुझ्दै थिई ।

आज बिहान म्यानेजरले बोलाएका थिए । 'रेखा, तिमी राम्रै काम गर्छौ,' उनले भनेका थिए, 'तर अस्पतालको आर्थिक अवस्था राम्रो छैन । स्थायी बनाउन सक्ने अवस्था छैन । अर्को महिनादेखि नआए पनि हुन्छ ।'

शब्दहरू सामान्य थिए, तर अर्थ कठोर । 'नआए पनि हुन्छ'- यति सजिलै कसरी कसैको जीवनबाट रोजगारी काट्न सकिन्छ ? उनले केही भन्न सकिनन् । औपचारिक मुस्कान दिइन्, धन्यवाद भनिन् र बाहिर निस्किइन् ।

बसपार्कमा भीड थियो । मानिसहरू आ-आफ्नै गन्तव्यतिर दौडिरहेका थिए । कसैको हातमा तरकारीको झोला, कसैको काँधमा झोला, कसैको अनुहारमा थकान । रेखालाई लाग्यो- यो भीडमा उसको पीडा कसैलाई देखिँदैन । उसले रिपोर्टको खाम अझै कसेर समातिन् । त्यो रिपोर्ट आफ्नै स्वास्थ्य परीक्षणको थियो । केही दिनदेखि टाउको दुख्ने, थकान लाग्ने समस्या बढेको थियो । सहकर्मीको सल्लाहमा परीक्षण गराएकी थिई ।

बस आयो । भीडसँगै ऊ पनि चढी । झ्यालछेउको सिट भेटियो । बस गुड्न थाल्यो । सहरका अग्ला भवनहरू पछाडि छुट्दै गए । उसको मन भने अगाडि बढ्न सकेन । 'अब के गर्ने ?' प्रश्नले टाउको भित्रै घुमिरह्यो ।

उसको घर डेरामा थियो- सानो कोठा, एउटा खाट, एउटा ग्यास चुलो र किताबहरू राख्ने सानो र्‍याक । त्यो कोठा उसले आफ्नै कमाइले सजाएकी थिई । भित्तामा टाँसेको सानो क्यालेन्डरमा रातो मसीले लेखिएको थियो- 'आमा आउने दिन ।' अर्को हप्ता आमा गाउँबाट सहर आउँदै थिइन्, आँखा जाँच गराउन ।

रेखाले मोबाइल निकालिन् । आमाको मिस्ड कल थियो । सायद उनी बस चढेको कुरा सोध्न खोजेकी होलिन् । उसले फोन गर्न चाहिन्, तर शब्द भेटिएन । 'जागिर गुमाएँ' भन्ने कुरा कसरी भनुँ ? गाउँमा सबैले ठानेका छन्- रेखा सहरमा राम्रो जागिर गर्छे, पैसा कमाउँछे । त्यो छवि चकनाचुर पार्न मनले मानेन ।

कोठामा पुगेर उसले ढोका बन्द गरिन् । खाम टेबुलमा राखिन् । केही बेर त्यत्तिकै हेरिरहिन् । अन्ततः खोलिन् । रिपोर्टमा लेखिएको थियो- 'गम्भीर केही देखिएको छैन । तनावजन्य समस्या हुनसक्छ ।' उसले गहिरो सास फेरिन् । कम्तीमा स्वास्थ्य त ठिकै रहेछ ।

तर मनको तनाव कसले जाँच्ने ?

साँझ परेपछि छिमेकी कोठाबाट हाँसोको आवाज आयो । कलेज पढ्ने दुई दिदीबहिनीहरू त्यहाँ बस्थे । उनीहरू कहिलेकाहीँ रेखासँग पनि गफ गर्थे । आज उनीहरू चलचित्र हेर्दै हाँसिरहेका थिए । रेखालाई अचानक महसुस भयो- उनी धेरै दिनदेखि कसैसँग खुलेर हाँसेकी छैनन् ।

उसले निर्णय गरिन्- आज आमालाई सबै कुरा भन्छु । सत्य लुकाएर के फाइदा ? फोन मिलाइन् ।

'हेलो, आमा ?'

'ए छोरी, बस चढिस् ? धेरै काम त गर्दिनस् है, आराम गर्,' आमाको स्वर उस्तै माया र चिन्ताले भरिएको ।

रेखाको घाँटी अवरुद्ध भयो । केही क्षण मौनता रह्यो । 'आमा... एउटा कुरा भन्नु छ ।'

उसले सबै सुनाइन्- अस्थायी जागिर, निकालिएको सूचना, भविष्यको अन्योल । फोनको त्यो छेउ केही बेर चुप लाग्यो । रेखालाई लाग्यो- अब आमा निराश हुन्छिन्, चिन्ता गर्छिन् ।

तर आमाको आवाज स्थिर थियो । 'छोरी, काम जाने-आउने गर्छ । तेरो सीप कसैले खोस्न सक्दैन । गाउँ फर्कन मन लागे फर्क, नत्र फेरि खोज । हामी छौँ नि ।'

त्यो 'हामी छौँ नि' भन्ने वाक्यले रेखाको मनको भारी आधा घटायो । सहरले दिएको असुरक्षा भन्दा घरले दिएको भरोसा ठूलो रहेछ ।

फोन राखेपछि ऊ केही हलुका महसुस गर्न थाली । उसले ल्यापटप खोली । रिजुमे अपडेट गरिन् । विभिन्न अस्पताल र प्रयोगशालाका वेबसाइट खोजिन् । दुई-तीन ठाउँमा आवेदन पठाइन् । प्रत्येक क्लिकसँगै सानो आशा पलाउँदै गयो ।

अर्को दिन बिहानै ऊ उठी । झ्याल खोली । हिजोको धुम्म आकाश अलि खुल्दै थियो । हल्का घाम देखिन थालेको थियो । उसले आफैंसँग भनिन्- आकाश सधैं धुमिल हुँदैन ।

दिनहरू सजिला थिएनन् । केही ठाउँबाट जवाफ आएन । कतै अन्तर्वार्ता दिएर पनि छनोट भइनन् । पैसाको जोहो गर्न उनले पार्ट-टाइम ट्युशन सुरु गरिन् । छिमेककी कक्षा आठमा पढ्ने केटीलाई विज्ञान पढाउन थालिन् । थोरै आम्दानी भए पनि आत्मसम्मान बाँकी रह्यो ।

एक दिन अपरान्ह, जब ऊ ट्युशन सकेर फर्किँदै थिई, मोबाइल बज्यो । अपरिचित नम्बर । उसले सास रोकेर उठाइन् ।

'रेखा जी ? हामी 'सिटी डायग्नोस्टिक सेन्टर'बाट बोल्दैछौं । तपाईंले पठाएको आवेदनबारे कुरा गर्न चाहन्थ्यौं । भोलि अन्तर्वार्ताका लागि आउन सक्नुहुन्छ ?'

उसको मुटु एकछिन रोकिएजस्तै भयो । 'हुन्छ, अवश्य,' ऊ मुस्कुराउँदै बोलिन् ।

फोन काटेपछि उसले आकाशतिर हेरिन् । साँझको सूर्यास्तले बादलको किनार सुनौलो बनाइरहेको थियो । धुमिल आकाशभित्र पनि उज्यालो लुकेर बसेको रहेछ, मौका पर्खेर ।

रेखाले बुझिन्- जीवन सधैं सीधा रेखाजस्तो हुँदैन । कहिले मोड, कहिले उकालो, कहिले ओरालो । तर हिँड्न नछोडेपछि बाटो आफैं बन्छ । हिजोको अस्थायी जागिरले उसको आत्मविश्वास हल्लाएको थियो, तर भोलिको सम्भावनाले फेरि उभ्याइरहेको थियो ।

कोठामा फर्केर उसले भित्ताको क्यालेन्डरतिर हेरिन् । 'आमा आउने दिन' नजिकिँदै थियो । यसपालि आमा आउँदा ऊ लुकाउने छैन । आफ्ना संघर्ष, आफ्ना प्रयास, आफ्ना सपना- सबै खुलस्त सुनाउनेछ ।

बाहिरको आकाश अब पूर्ण रूपमा नीलो नभए पनि, पहिले जस्तो धुमिल पनि थिएन । ठीक रेखाको मनजस्तै- अझै केही बादल बाँकी, तर तिनको बीचबाट छिर्न खोजिरहेको उज्यालो पनि ।

कविता

## तिरस्कारदेखि जय जयकारसम्म



नरेन्द्र नारायण साहु

शंका, अन्ध तिरस्कार त्यागौं, आज विश्वास पात्र गगनमै आटौं
देश र युवा पुकारिरहेछन्, अब ज्ञान-विज्ञानको उज्यालोनै बाँटौं ।
शिक्षा, विज्ञान, विवेक बोल्दा बिरूद्धमा उठ्छ अन्धो भीड,
कसैले गति रोकिन्न, एक ज्ञानी व्यक्तिलाई मात्रै लाग्छ पीड ।

सत्यको बाटोमा काँडै-काँडा, मार्न मुखमा ताजा विष,
बाँचुन्जेल दण्ड समाजको, मृत्युपछि उ प्रतिष्ठित ईश ।
आगो, कारागार, विष-पान सत्यवादीमा पुरानै शूल,
देह त ढाल्यौ तत्कालै, विचार बने ब्रुनोकै अमर मूल ।

टंक, गणेशमान, कृष्ण, शुशील, थिए जन-जनका साथी,
माटोमै जीवन अर्पण गरे, देशमा योगदान सबैभन्दा माथी ।
शंका, अन्ध तिरस्कार त्यागौं, आज विश्वास पात्र गगनमै आटौं
देश र युवा पुकारिरहेछन्, अब ज्ञान-विज्ञानको उज्यालोनै बाँटौं ।

हिजो खतरा ठानिएकै, आज बीपी बने अजर-अमर नाम,
समयले ढिलो न्याय गर्छ, तर मर्दैन धर्तीमा सत्य-काम ।
ढुङ्गा चपाउने मात्रै अमर, बाटो छेक्ने सवै पश्चातापको धुलो,
सत्य रहोस् अटल सधैं, यही हो युगौयुगका विधान उज्यालो ।
कोपरनिकसले घुमाए भू र ग्रहहरूलाई अचल-सूर्यकै वरीपरी,
सुकरात, नरेन्द्र, योगमायाले सत्य लेखे आगोकै राँप भरी ।

सत्य बलिदान अटल रहोस्, सधैं यही अमरतालाई अङगालौं ।
नीति, कुल, मुल, सगठन बिहिनसँग, भावनामै न बगिहालौं ।
शंका, अन्ध तिरस्कार त्यागौं, आज विश्वास पात्र गगनमै आटौं
देश र युवा पुकारिरहेछन्, अब ज्ञान-विज्ञानको उज्यालोनै बाँटौं ।

कविता

## ओखलढुङ्गा



होमनाथ खनाल

युगकवि सिद्धिचरण यस जिल्लाले देख्यो
'मेरो प्यारो ओखलढुङ्गा' मिठो कविता लेख्यो ।
यही जिल्लामा जन्मनु भो बलबहादुर राई,
जिल्लावासी खुशी थिए, सालीन नेता पाई ।

ईश्वर पोखरेल, यज्ञ सुनुवार, रामहरि अनि,
तेजन खनाल, होमनाथ दाहाल, रुक्माङ्गत कटुवाल पनि ।
जन्माएको थियो यस जिल्लाले यस्ता नेता धेरै,
विकासले गति लियो, लागेन कहिल्यै ढिलै ।

मेलवा देवी पाण्डव, सुनुवार, ब्याकुल माहिला पनि,
जन्मेका थिए यसै ठाउँमा, गर्व गर्छन् हामी ।
यातायातको सुविधा छ, गाडी र प्लेन पनि,
सबै कुराले परिपूर्ण ओखलढुङ्गा अनि ।

डाँडावारि, डाँडापारि दुबै तिर सहर,
यस जिल्लामा घुम्ने मेरो थियो ठूलो रहर ।
स्रष्टाहरूका सालिक देखेँ, देखेँ ओखल पनि,
यही ओखलकै नामले जन्मियो ओखलढुङ्गा अनि ।

यज्ञबहादुर क्याप्टेन भए, भि.सी. अगम राई,
ओखलढुङ्गा सधैं हाँस्छ यस्ता बहादुर पाई ।
देशकै दोस्रो ठूलो पोकली झरना हेरीरहूँ हुने,
हरियाली डाँडाकाँडाले मन सधैं छुने ।

प्रधानन्यायाधीश हुनु भयो हरिकृष्ण कार्की,
यस जिल्लाले नेता पायो धेरै माथि-माथि ।

# आगामी वर्षको कर नीतिबारे सुझाव दिन राजस्व परामर्श समिति गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन



आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण प्रक्रिया औपचारिक रूपमा अघि बढाइएको छ । सरकारले बजेट तर्जुमा अघि राजस्व नीति, कर संरचना, भन्सार दर, राजस्व प्रशासन तथा समष्टिगत आर्थिक सुधारका विषयमा ठोस सुझाव संकलन गर्ने उद्देश्यले गत माघ २८ गतेको मन्त्रिस्तरीय निर्णयबाट राजस्व परामर्श समिति गठन गरेको हो ।

अर्थ मन्त्रालयका सचिव (राजस्व) को संयोजकत्वमा समिति गठन भई कार्य प्रारम्भ गरिसकेको प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए । समितिमा सरकार, केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूको सहभागिता रहेको छ। समितिको सदस्यमा त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख वा तोकिएका वरिष्ठ प्राध्यापक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयबाट मनोनित दुई जना विज्ञ (अर्थविज्ञ र करविज्ञ) रहेका छन् ।

यस्तै, निजी क्षेत्रका छाता संगठनबाट पनि प्रतिनिधित्व गरिएको छ । समितिमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल आर्थिक संघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग व्यापार महासंघ तथा नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष वा तोकिएका वरिष्ठ पदाधिकारी सदस्यका रूपमा रहेका छन्। अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका सहसचिवलाई सदस्य-सचिव तोकिएको छ ।

राजस्व परामर्श समितिलाई आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्समा लाग्ने कर तथा आर्थिक ऐनबमोजिमका अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानुनी सुधारका विषयमा सुझाव दिन कार्यादेश दिइएको प्रवक्ता पाण्डेयले जानकारी दिए । करका दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार तथा राजस्व प्रशासन र संगठन संरचनामा आवश्यक सुधारबारे सिफारिस गर्ने जिम्मेवारी पनि समितिलाई दिइएको उनले बताए ।

यसैगरी, औद्योगिक प्रवर्धन तथा संरक्षण, आयात-निर्यात, सेवा व्यापार, लगानी प्रवर्धन, आपूर्ति व्यवस्थापन तथा कर तथा गैरकर प्रोत्साहनका विषयमा नीतिगत र कानुनी सुधारका सुझाव पनि समितिले तयार गर्नेछ । भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादन संरक्षणका उपाय, मूल्यांकन प्रणाली सुधार, व्यापार सहजीकरण, सीमा व्यवस्थापन तथा भन्सार प्रशासन सुधारसम्बन्धी विषय पनि कार्यक्षेत्रभित्र समेटिएका छन् ।

राजस्व चुहावट नियन्त्रण, चोरी निकासी-पैठारी नियन्त्रण, विदेशी विनिमय नियमन, आर्थिक अपराध नियन्त्रण, सम्पत्ति शुद्धीकरण अनुसन्धान तथा त्यसका लागि आवश्यक कानुनी र संगठनात्मक सुधारका विषयमा समितिले अध्ययन गरी सुझाव दिनेछ । कृषि, ऊर्जा, पर्यटन, नागरिक उड्डयन तथा प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रका राजस्व तथा नीतिगत सुधारका विषय पनि समावेश गरिएका छन् ।

बैंक, वित्तीय संस्था, बिमा, रेमिटेन्स, पुँजी बजार, सहकारी र घरजग्गा कारोबारमा देखिएका समस्या र तिनको समाधान, राजस्व परिचालनसँग सम्बन्धित विषयमा पनि समितिले सिफारिस गर्नेछ । गैरकर राजस्वका नयाँ क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकन, सङ्घ-प्रदेश-स्थानीय तहबीचको कर दोहोरोपनाको समस्या समाधान, अन्तरसरकारी राजस्व व्यवस्थापन र राजस्व बाँडफाँट सुधारका विषयमा सुझाव दिने कार्यादेश छ ।

समितिले अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय अर्थतन्त्रको तुलनात्मक विश्लेषण गर्दै आर्थिक विकाससँग सम्बन्धित विषयमा सुझाव दिनेछ । करको दायरा विस्तार, नयाँ कर लागू वा खारेज गर्ने विषयमा अध्ययन-अनुसन्धान गरी सम्बन्धित क्षेत्रका विज्ञ, उद्योगी तथा व्यवसायीसँग छलफल गरेर सिफारिस गर्ने व्यवस्था गरिएको छ।

समितिको प्रभावकारी कामका लागि विभिन्न विषयगत नौ वटा उपसमिति गठन गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ। आन्तरिक राजस्व उपसमितिले आयकर, भ्याट, अन्तःशुल्क, डिजिटल करलगायत आन्तरिक करसम्बन्धी सुधारका विषयमा काम गर्नेछ। भन्सार उपसमितिले भन्सार दर, मूल्यांकन प्रणाली, व्यापार सहजीकरण तथा सीमा व्यवस्थापनमा केन्द्रित भई सुझाव तयार पार्नेछ ।

राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान उपसमितिले चुहावटका प्रवृत्ति विश्लेषण, नियन्त्रणका उपाय तथा विदेशी विनिमय र आर्थिक अपराध नियन्त्रणका विषय सम्हाल्नेछ । उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्धन उपसमितिले औद्योगिक संरक्षण, व्यापार नीतिगत सुधार तथा प्रोत्साहनका विषयमा सिफारिस गर्नेछ ।

यस्तै, कृषि, ऊर्जा तथा पर्यटन क्षेत्र उपसमितिले कृषि व्यवसायीकरण, विद्युत् उत्पादन, पर्यटन प्रवर्धन तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी सुधारका विषय अध्ययन गर्नेछ । बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पुँजी बजार उपसमितिले वित्तीय क्षेत्रका समस्या र राजस्व परिचालनबीचको सम्बन्धबारे सुझाव दिनेछ ।

गैरकर तथा अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमितिले गैरकर राजस्वका स्रोत, दर तथा संघीय संरचनामा देखिएको कर दोहोरोपनाको समाधानबारे काम गर्नेछ । समष्टिगत आर्थिक उपसमितिले आर्थिक परिसूचक, राजस्व सम्भाव्यता र प्रक्षेपण विश्लेषण गर्नेछ भने सम्पत्ति शुद्धीकरण निवारण तथा अनुसन्धान उपसमितिले एफएटीएफको ग्रे-लिस्टबाट बाहिरिने रणनीतिसहित जोखिम विश्लेषण र सुधारका उपाय सिफारिस गर्नेछ ।

आगामी आर्थिक वर्षको बजेटमार्फत अवलम्बन गरिने कर नीतिका सन्दर्भमा सम्बन्धित सरकारी निकाय, निजी क्षेत्रका प्रतिनिधिमूलक संघसंस्था, प्राज्ञिक क्षेत्र, सरोकारवाला निकाय तथा सर्वसाधारणबाट सुझाव आह्वान गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ। सुझाव संकलनपछि उपसमितिले आगामी चैत मसान्तसम्म मुख्य समितिसमक्ष आफ्नो प्रतिवेदन पेस गर्नेछन्। त्यसपछि समितिले समग्र सिफारिस समेटिएको अन्तिम प्रतिवेदन २०८३ वैशाख मसान्तभित्र अर्थमन्त्रीसमक्ष बुझाउने कार्यतालिका तय गरिएको छ ।

# नबिलद्वारा निःशुल्क जलन उपचार शिविर सम्पन्न

**धनगढी/मस-** कैलालीको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा तीन दिने 'नबिल निःशुल्क जलन उपचार शिविर' सम्पन्न भएको छ। फागुन १२ देखि १४ गतेसम्म ६५ जना जलनका बिरामीहरूको निःशुल्क उपचार गर्दै शिविर सम्पन्न भएको हो ।



शिविरमा आएका २० जना बिरामीको सेती प्रादेशिक अस्पतालमै वरिष्ठ चिकित्सकहरूले शल्यक्रिया गरेका थिए भने जटिल किसिमका १८ जना बिरामीलाई काठमाडौंको सांखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पतालमा रिफर गरिएको जनाइएको छ ।

नबिल बैंक, सुष्मा कोइराला मेमोरियल अस्पताल र सेती प्रादेशिक अस्पतालको संयुक्त आयोजनामा आयोजित उक्त शिविरमा सुदूरपश्चिम प्रदेशका विभिन्न ठाउँबाट बिरामीहरू उपचारका लागि आएका थिए । लामो समयदेखि उचित उपचार तथा शल्यक्रियाको पर्खाइमा रहेका तथा विपन्न र आर्थिक अवस्था कमजोर भएका बिरामीहरूले शिविरमा निःशुल्क उपचार पाएका थिए ।

सुषमा कोइराला मेमोरियल अस्पतालका प्राडा ईश्वर लोहनीको नेतृत्वमा विशेषज्ञ चिकित्सकको टोलीले शिविरमा सेवा प्रदान गरेका थिए। 'जटिल किसिमका बिरामीहरू जसलाई सघन उपचारको जरुरी थियो हामीले उहाँहरूलाई काठमाडौंस्थित हाम्रो अस्पतालमा रिफर गरेका छौं,' प्राडा लोहनीले जानकारी दिए ।

नबिल बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजना गरेको शिविरमा ३५ पुरुष तथा ३० महिला गरी ६५ जना सहभागी थिए ।

# सामसङ ग्यालेक्सी एस २६ सिरिजको फोन सार्वजनिक

**काठमाडौं/मस-** सामसङले शुक्रबार विश्व बजारमा नयाँ ग्यालेक्सी एस २६ सिरिज सार्वजनिक गरेको छ । क्यामेरा क्षमतादेखि रियल टाइम सहयोगसम्म, साथै अनुकूलित प्रदर्शन र ऊर्जा दक्षता रहेको सामसङको नयाँ फोन सार्वजनिक भएको हो ।



सो फोनमा ६ दशमलव ३ इन्चको स्कृन, ५० एमपी प्रमुख क्यामेरासहित ३ क्यामेरा, १२ जीबी र्‍याम र ४३ सय एमएएच ब्याट्री रहेको छ। 'यस सिरिजले डिजाइन र प्रदर्शनमा पनि नयाँ मापदण्ड स्थापित गरेको छ' कम्पनीले विज्ञप्तिमा भनेको छ 'परिष्कृत प्रिमियम बनावट, उन्नत प्रोसेसिङ क्षमता, र एआई आधारित ब्याट्री अप्टिमाइजेसनसहितको यो नयाँ सिरिजले सहज मल्टिटास्किङ, इमर्सिभ मनोरञ्जन र दिनभर भरपर्दो प्रदर्शन सुनिश्चित गर्दछ।'

एआईद्वारा सशक्त बनाइएका उन्नत क्यामेरा प्रणालीहरूले प्रयोगकर्तालाई जुनसुकै वातावरणमा पनि असाधारण स्पष्टतासहित आकर्षक फोटो र भिडियो खिच्न सक्षम बनाउने सामसङले जनाएको छ । सो फोनको नेपालमा पर्ने मूल्य पछि तय हुने वितरक कम्पनीले जनाएको छ ।

# सिबिफिनद्वारा मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको स्वागत

**काठमाडौं/मस-** नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको दोस्रो त्रैमासिक अर्थात् अर्धवार्षिक समीक्षालाई बैंक तथा वित्तीय संस्था परिसंघले स्वागत गरेको छ । सिबिफिनले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले अवलम्बन गरेको सावधानीपूर्ण, मापनयोग्य तथा स्थिरतामुखी दृष्टिकोण र नीतिगत कदमहरू स्वागतयोग्य भएको जनाएको हो ।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै सिबिफिनले विश्वका अधिकांश उदीयमान अर्थतन्त्रहरूमा देखिएको क्रमिक सुधारको रणनीतिसँग मेल खाने गरी मूल नीतिगत मापदण्डहरूलाई यथावत राख्दै पछिल्लो परिवेशअनुसारका लक्षित संरचनात्मक सुधारका कदमहरू अघि बढाइनुले वित्तीय स्थिरतालाई थप सुदृढ र सबल बनाउने संकेत गरेको जनाएको हो ।

समीक्षामा क्षेत्रगत कर्जाको दायरा बिस्तारसहित लघु, घरेलु तथा साना उद्यम कर्जा विस्तारलाई प्रोत्साहन, कार्यशील पुँजी व्यवस्थाको नगद प्रवाहमा आधारित मूल्यांकन, लक्षित पुनर्संरचना सुविधा तथा विदेशी विनिमय जोखिममा सीमा वृद्धि, कालोसूची व्यवस्थामा लचकता जस्ता उदार व्यवस्थाहरूले संकुचित बनिरहेको कर्जा तथा लगानी विस्तारलाई सहजता प्रदान गर्दै उत्पादनमूलक, निर्यातमूलक एवं रोजगारमूलक क्षेत्रमा लगानी बिस्तार गर्न, आर्थिक क्रियाकलापलाई बढवा दिन र वित्तीय बजार विकास गर्न तथा बैंकिङ क्षेत्रको क्रमिक आधुनिकीकरण गर्नका लागि सहयोगी सिद्ध हुने अपेक्षा सिबिफिनको छ ।

साथै, सिबिफिनले डिजिटल पूर्वाधारमा लगानी प्रोत्साहन र विद्युतीय भुक्तानी प्रणालीको तीव्र विस्तारका लागि अवलम्बन गरिएका रणनीतिक पहलहरूले नेपालको वित्तीय प्रणालीलाई विश्वव्यापी आधुनिकीकरणसँगै तादाम्यता मिलाउन समेत महत्वपूर्ण सहयोग पुग्ने सिबिफनले जनाएको छ ।

अल्पकालीन तरलता व्यवस्थापन र दीर्घकालीन संरचनात्मक सुधारबीच सन्तुलन कायम गर्दै अवलम्बन गरिएका मौद्रिक नीतिका सुधारात्मक पहलकदमीहरूलाई आत्मसाथ गर्दै संस्थागत सुशासन तथा विश्लेषणात्मक क्षमताको अभिवृद्धि र जोखिम व्यवस्थापन एवं न्यूनीकरणको कार्यलाई संयमताकासाथ अगाडी बढाउन सकेमा यसले वित्तीय स्थिरतासहित समग्र आर्थिक एवं बैंकिङ क्षेत्रको आधुनिकीकरण, दिगो विकास र अर्थतन्त्रको सवलीकरणमा रचनात्मक योगदान पुग्ने पनि सिबिफिनले उल्लेख गरेको छ ।

बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय (खराब) कर्जा तथा गैर बैंकिङ सम्पत्तिमा भएको वृद्धि, तरलता व्यवस्थापनलगायतका विषयमा देखिँदै आएको चुनौतीलाई न्यूनीकरण गर्नका लागि सरोकारवाला पक्षहरूसँगको छलफल एवं राय सुझावका आधारमा नेपाल राष्ट्र बैंकले निर्णायक नीतिगत कदम चाल्नेमा सिबिफिन विश्वस्त रहेको जनाएको छ ।

# लामिनार टाइल्सको हरिसिद्धिमा नयाँ सोरुम उद्घाटन



**काठमाडौं/मस-** गोदावरी ग्रेनाइट एन्ड टाइल्सले हरिसिद्धि, ललितपुरमा लामिनारको प्रिमियम एम्पोरियो सोरुमको उद्घाटन गरेको छ। गोदावरी ग्रेनाइट एण्ड टाइल्सका डाइरेक्टर ओमप्रकाश गोयल र लुम्बिनी सेरामिक्स लिमिटेडका डाइरेक्टर आशुतोष खेतानले सोरुमको उद्घाटन गरेका हुन् ।

कम्पनीका अनुसार नयाँ सोरुमले लामिनारका उच्च-गुणस्तरका, अत्याधुनिक र टिकाउ टाइलहरू प्रदर्शन गर्दछ, जुन आधुनिक आवासीय घरहरू, व्यावसायिक भवनहरू, होटल, अस्पताल, विमानस्थल तथा ठूला सार्वजनिक पूर्वाधार परियोजनाहरूका लागि विशेष रूपमा डिजाइन गरिएका छन् ।

लामिनारले ८ भन्दा बढी कलेक्सन र ५ सय ५० प्लस एसकेयुहरू उपलब्ध गराउँदै नेपालकै सबैभन्दा ठूलो भिट्रिफाइड टाइल पोर्टफोलियो प्रदान गर्ने कम्पनीको दाबी छ। यसमा परिष्कृत मार्बल लुक, समकालीन कंक्रिट डिजाइनदेखि उच्च-ट्राफिक क्षेत्रहरूका लागि पिईआई ५ घर्षण प्रतिरोध, एमओएचएस ९ कठोरता (स्क्र्याच-प्रतिरोधी) र आर१२ स्लिप प्रतिरोध (भिजेको/बाहिरी प्रयोगमा सुरक्षित) जस्ता विशेषताहरू समावेश छन् ।

सो सोरुम उद्घाटनसँगै लामिनारका उत्पादनहरू अब नेपालका सबै सात प्रदेशमा १ सय ९० प्लस डिलर सञ्जालमार्फत सजिलै उपलब्ध हुने कम्पनीले बताएको छ ।


## ओमनमा रोजगार

कम्पनी: AL MAHROUQI INTERNATIONAL LLC | शहर : MUSCAT
पूर्व स्वीकृत मिति: २०८२/११/१५ | चलानी नं.: ६०२५३१०१ | LT. No.: 339784

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Aluminum Fabricator | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४५,२४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Furniture Making | 2 | 0 | | 120 | ४५,२४६ | | | | | | | |
| 3. | Wood Painter | 3 | 0 | | 120 | ४५,२४६ | | | | | | | |
| 4. | Wood Furniture Aast. Painter | 2 | 0 | | 120 | ४५,२४६ | | | | | | | |
| 5. | Alumunium Fabricator/fitter | 2 | 0 | | 120 | ४५,२४६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २३ गते (7 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.** Gov. lic. No. 793/065/66
Sinamangal -9, Prakash Sanyas Asram Marg airport kathmandu
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160, 9823325539, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Branch- Chitwan 056598203 | Birtamode 023591044 | Nepalgunj 9823986857, Rautahat 984-0708582

## कतारमा रोजगार

कम्पनी: DOHA NADA FOR CLEANING AND SERVICE | शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/११/१४ | चलानी नं.: ६०२५३०८० | LT. No.: 339592

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 0 | 5 | स. काममा दक्ष | 1000 | ३९,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८२ फागुन २३ गते (7 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.** श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9847275969, 9851008664, 9851071822, 9863775437, 9851190207, 9801232406, Itahari Contact No: 9852049211

## मलेसियामा रोजगार

कम्पनी: LOKE NAI KAN AGRICULTURAL FARM SDN BHD | शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/१५ | चलानी नं.: ६०२५३१२४ | L.T. No.: 339816

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 3 | 0 | स. काममा दक्ष | 1700 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SHING SHENG KEE FARM SDN BHD | शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/११/१५ | चलानी नं.: ६०२५३१२५ | L.T. No.: 339815

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 10 | 0 | स. काममा दक्ष | 1700 | ६३,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २३ गते (7 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Saptakoshi Human Resource Pvt. Ltd.** SHR Est. 2010 | Gov. Lic No. 884/067/068
Tilganga-9, Kathmandu Tel: +977- 01-4583525/4583524, Email: info@saptakoshihr.com

## Cyprus मा रोजगार | Red Panda Employment Private Employment Agency, Limassol, Cyprus

पूर्व स्वीकृती मिति २०८२/०९/१७ | चलानी नं. ६०२५३१२८ | LT.No. 336480

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 25 | स.काममा दक्ष | 400 | ६८,५३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता २०८२ फाल्गुन २३ गते (7 February, 2026) मेनपावर कार्यालय गोगंबुमा हुनेछ ।

**S.R.C. Job Placement Pvt. Ltd.** Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

## युएईमा रोजगार

कम्पनी : ADAA EMPLOYMENT LLC | शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८२/११/१५ | चलानी नं.: ६०२५३०९४ | LT. No.: 339718

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Masons | 50 | 0 | | 1500 | ५९,२८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ फागुन २३ गते (7 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**RHR Rose Human Resources Pvt. Ltd.** श्रम इजाजत नं. १४५६/०७४/०७५
Sinamangal-9, Kathmandu, Tel.: 01-4116690, 4116669
Email : rosehumanresources12@gmail.com

## साउदीमा रोजगार

कम्पनी: AL-TANZEEM AL-ARABIA AL-MUMAYZA CO. | शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/११/१५ | चलानी नं.: ६०२५३१०२ | L.T. No.: 339626

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load unload Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३८,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २४ गते (8 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S.P.M. OVERSEAS PVT.LTD.** Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795, Kathmandu Contact No : 984-2151398
981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com

## युएईमा रोजगार

कम्पनी: BEST CLEANING COMPANY LLC | शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/११/१४ | चलानी नं.: ६०२५३०३८ | LT. No.: 339571

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners (Ladies) | 0 | 20 | | 1000 | ३९,५२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २३ गते (7 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**True Human Resource Pvt. Ltd.** श्रम इजाजत नं. १६०७/०७९/०८०
Tel: 01-5911977, 5911978, Mobile : 9822797707, Email : info@thrnepal.com, thrnepal22@gmail.com, Shambhu Marg, Kathmandu, Manpower Bazar, Near Airport Gate.

## कुवेतमा रोजगार

कम्पनी: SKY BUILDING AND ROAD CLEANING CONTRACTING CO | शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/१४ | चलानी नं.: ६०२५३०७६ | LT. No.: 339590

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | indoor cleaner | 50 | 0 | स. काममा दक्ष | 85 | ४०,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २३ गते (7 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
बसुन्धरा प्रहरी पेट्रोल पम्पको अपोजिट, प्रगति नगर टोल नजिकै, फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
१६ फागुन २०८२ शनिबार
28 February 2026 Saturday



# ‘कतिपयलाई सबाल्टर्नहरू बोलेको मन पर्दैन’

नयनराज पाण्डे सामाजिक विषयवस्तुमा कलम चलाउने समकालीन नेपाली साहित्यकार हुन् । उनको परिचय साहित्यकारसँगै सिनेमासित पनि जोडिएको छ । उनी पटकथाकार पनि हुन् । उनी ‘सबाल्टर्न’ पात्रहरूलाई केन्द्रमा राखेर साहित्य लेख्छन् । उनका पुस्तकमा नेपाली परिवेश विशेषगरी मधेशका मुद्दा केन्द्रमा रहन्छन् । ‘नांगो मान्छेको डायरी’, ‘अतिरिक्त’, ‘उलार’, ‘लु’, ‘घामकिरी’, ‘सल्लीपिर’जस्ता उपन्यास, ‘जगदम्बा’, ‘खोरभित्रको जोकर’ र ‘चकलेट’ कथासंग्रह उनका चर्चित पुस्तक हुन् । ‘यार’ उनको संस्मरण कृति हो । चलचित्र र टेलिचलचित्र लेखनमा पनि उनको उल्लेख्य भूमिका छ । यसै वरिपरि रहेर साहित्यकार **नयनराज पाण्डे**सँग **मध्यान्ह** राष्ट्रिय दैनिकका लागि **जानकी पाठक**ले गरेको कुराकानीको सम्पादित अंश :

**नयनराज पाण्डे**, साहित्यकार

**नेपालको राजनीतिमा देखिएको असन्तुलन अथवा उलारलाई कसरी लिनुहुन्छ ?**

उलार विशेषगरी टाँगामा प्रयोग हुने शब्द हो । टाँगामा हुने असन्तुलनलाई नै उलार भनिने भए पनि मेरो उलार उपन्यासमा यसलाई राजनीतिमा हुने असन्तुलनलाई देखाइएको छ । २०५५ सालमा लेखिएको उपन्यास र गरिएको अपेक्षा आज पनि उस्तै छ । राजनीतिक असन्तुलन अझ पनि उस्तै छ । राजनीति गर्ने मान्छेको सोच र आम मान्छेको सोचको असन्तुलन, राजनीतिले आम मान्छेको मुद्दालाई सम्बोधन गर्न नसकेको अवस्था आज पनि उस्तै छ । त्यो असन्तुलन त्यतिबेला पनि थियो र आज पनि छ । उलार लेखेको लगभग ३० वर्ष हुन लाग्यो आज पनि समस्या उस्तै छ । दुख लाग्दो कुरा के हो भने ३० वर्ष पहिले पनि त्यहि मुद्दा सान्दर्भिक थियो र आज पनि त्यहि मुद्दा सान्दर्भिक देखिन्छ । नेपालगन्जमा अहिले टाँगा छैन, टाँगामा हुने उलार त्यहाँ देखिदैन तर राजनीतिमा सधैं उलार अथवा असन्तुलन कायम छ । कहिलेसम्म कायम रहन्छ भन्न सकिँदैन । त्यसैले अहिले पनि उलारको सान्दर्भिकता छ ।

**लेखकका लागि त यो राम्रो पनि हो नि ?**

होइन, होइन । किताब बिक्री होला, चर्चा होला त्यो आफ्नो ठाउँमा छ । तर एउटा लेखकको लागि आफूले उठाएका मुद्दा सम्बोधन हुनु ठुलो कुरा हो । समस्या यथावत् हुन्छ, किताबमात्र बिक्री भएर पनि त्यसले सन्तुष्टि दिँदैन । बिक्रीलाई मात्र सोच्न थालें भने म जत्ति आत्मघाती कोही हुँदैन । म त्यस्तो सोच राखेर बसेको छैन । त्यस्तै मुद्दा फेरी उठाउन नपरोस् भन्ने नै सोच हुन्छ लेखकको ।

**मध्यमवर्गीय परिवारमा जन्मिएको मान्छेले भुइँमान्छेका कुरालाई केन्द्रमा राखेर पुस्तक लेख्नुभएको छ, कसरी जोडिनुभयो ?**

म खानदानी परिवारको पनि होइन । मेरो बुबा नेपालगन्जमा हुँदा स्कुलको हेडमास्टर हुनुहुन्थ्यो, म त्यही खालको वातावरणमा हुर्किए । मध्यमवर्गमा पनि विभिन्न लेयरहरू छन् । मध्यमवर्गका आफ्ना समस्या पनि हुन्छ, विशेषता पनि हुन्छ । मलाई त्यस्तो खान लाउन दुख पनि थिएन । घरको समस्यामा मात्र केन्द्रित भइयो भने लेखक भइदैन नि । लेखकले समाजसँग परिचय गर्छ, संवाद हुन थाल्छ तव उसले मुलुकको समस्यालाई आफ्नो समस्या ठान्न थाल्छ । मुलुकको समस्या कसले समाधान गर्दिन्छ भनेर चिन्ता आउन थालेपछि लेखक घरको मात्र हुँदैन समाजको हुन्छ । म कहाँबाट आए, मेरो पृष्ठभूमि के हो भन्ने लेखकले भुल्छ उसले समाजका कुरा स्वतः लेख्न थाल्छ । जब मान्छेमा संवेदना हुन्छ उसले समाजका कुरा लेखिहाल्छ । समाजका समस्या सम्बोधन होस्, समाधान होस् भन्ने हरेक लेखकको चाहना हुन्छ ।

घर छोडेर हिँडेपछि घरको सम्झनाले धेरै सताउने रहेछ । मलाई त्यही भयो । जब म काठमाडौं आएँ बल्ल मलाई नेपालगन्जको मायाले सम्झनाले बिथोल्न थाल्यो । मैले लेख्ने विषय त मैले त्यही छोडेर आएको रहेछु भन्ने लाग्यो । त्यसपछि मैले आफूले भुलेका विषयहरू, पात्रहरू र मैले उठाउन पर्ने मुद्दाहरूको खोजी गर्न थाले । त्यसपछि मेरो कलमले मधेशका मुद्दाहरू बढी लेखिन थाले ।

**पहाडका कुरा पनि लेख्नुभएको छ तर फेरी मधेश नै झर्नुभयो ?**

लेखक सधैं एकै परिवेशभित्र बाँधिनुपर्छ भन्ने हुँदैन । मैले सल्लेपीरमा हिमाली भेगका कुरा उठाएको छु । किताबसँग हुने राजनीति र हिमाली अथवा दुर्गम भेगका मान्छेका दुख र भोग्नुपरेको समस्या मैले त्यसमा उठाएको छु । गोठजस्तो स्कूल, जहाँ किताबहरू पुगिरहेको छैन, कक्षा सुरु भएको छ-सात महिनासम्म पनि विद्यार्थीको हातमा किताब पुग्दैन तर सरकारी कागजमा चाहीँ किताब पुगिसक्यो भनेर लेखिएको हुन्छ । यस्तो देखेपछि लेखकको कलमले यस्ता विषयमा नलेखी बस्न मिल्दैन भनेर सल्लेपीर भन्ने पुस्तक लेखेको हो । मेरो कम्फर्ट जोन मधेश हो, मैले हिमालको कुरा लेख्न हुन्छ कि हुँदैन भनेर पनि सोचे । फेरि लेखकले सेन्सरसीप लगाउनु हुँदैन भनेर हिमालको कथा लेखे । परिवेश हिमालको होला तर कथा त नेपालको हो भन्ने लाग्यो ।

लेखकले आफूले देखेको, भोगेको र वरिपरिका कुरामात्र लेख्नुपर्छ भन्ने पाठक, समालोचक अथवा आम मानिसको बुझाइ छ । नेपाल भनेको सानो देश हो यहाँ दुई तीन घण्टाबाट तराईबाट हिउँ पर्ने ठाउँमा पुग्न सकिन्छ । काठमाडौंमा जे समस्या छ मधेशमा र हिमालमा पनि त्यो समस्या हुन सक्छ । दुखका रूपहरू फरक होलान् । मैले आफूलाई सीमाभित्र बाँधेर यो समस्या मेरो क्षेत्रको होइन भनेर छोड्नु हुँदैन । विश्वमा धेरै लेखकले त्यसरी नै लेखेका छन् । तर जे भनेपनि मेरो कम्फर्ट जोन त मधेश नै हो । मधेशकै मुद्दा सम्बोधन भइरहेको छैन, यथावत् छ । अनि मेरो ध्यान पटक पटक फर्केर मधेशतीर नै जान्छ । म त हुर्केको ठाउँ होनी मधेश त । मैले सपना देखे पनि विषय यहाँ काठमाडौंको र परिवेश उता मधेशको हुन्छ । लेखकको किशोर अवस्था जहाँ बित्यो त्यसले नब्बे प्रतिशत लेखनमा प्रभाव पार्दो रहेछ । यताउता लागे पनि म फेरि मधेशकै मुद्दामा जानुको कारण पनि त्यही हो ।

**साहित्यमा सिमाका कुरा धेरै आउँछन्, यसको इतिहास कति पुरानो हो ? कहाँबाट सुरु भयो दमनको शृंखला ?**

जबदेखि सिमा बन्यो तबदेखि नै दमन त सुरु भइहाल्यो नि । विश्वमा जहाँ हेरे पनि सानो देशमाथि ठुलो देशले जहिले पनि दमन गरिरहेको हुन्छ । अहिले पनि ग्लोबल सिनारियोमा त्यही त छ नि । कुनबेला कसले कब्जा नै गर्दिन्छ कि भन्ने डर पनि हुन्छ । सानो देश हुनु भूपरिबेष्ठित देश हुनुका आफ्नै पीडा, समस्या छन् । छेउको छिमेकी देश सामाजिक, आर्थिक, राजनीतिक हिसाबले एकदमै शक्तिशाली हुँदै जाने र हामी कमजोर हुँदै जाने, संकुचित हुँदै जाने भयौं भने कतै कतै देशलाई कमजोर बनाइरहेको हुन्छ । शक्तिशाली देशले हाम्रो देशमा आएर चलखेल गर्ने कुराहरू भइरहन्छ । हामी आफैंभित्र मिल्दैनौं, कमजोर हुन्छौं भने अर्को ठुलो देशले आफ्नो शक्ति देखाउँन थालिहाल्छ । राजनीतिक रूपमा कुराहरू उठाउँछौं, तर हाम्रा कुराहरू सम्बोधन भइरहेको छैन । हाम्रा मुद्दाहरू विश्वव्यापी रूपमा स्थापित हुन सकिरहेको छैन । यसै कारणपनि सीमा विवाद, हस्तक्षेप देखिन्छ । साहित्यमा यी कुराहरू लेखिँदै आएको छ तर प्रभावकारी हुन सकेको छैन ।

**निर्जीव वस्तुलाई पनि तपाईंले आफ्नो पुस्तकभित्र पात्र बनाउनुभएको छ, जीवित पात्रले बोल्न नसकेका कुरा निर्जीव पात्रले बोल्न सक्छन् ?**

लेखकले आफ्नो विषय लेख्ने त छँदै छ, पाठकले पनि पुस्तक पढिसकेपछि केही सोचोस् भन्ने उद्देश्य हुन्छ । केही प्रश्नहरू उसको दिमाखमा पनि सिर्जना होस्, त्यसको जवाफ आफूसित पनि खोजोस् भन्ने आग्रह रहन्छ । त्यही आग्रहलाई लेखकले अलि लुकाएर पनि भन्ने गर्छन् र पाठकले आफैं बुझुन् भन्ने अपेक्षा पनि राख्छन् । मेरो जियरा भन्ने कथा संग्रहमा पुरै नारीसँग सम्बन्धित कथाहरू छन्, प्रयोगमूलक बनाउन त्यस्ता विम्बहरू सिर्जना गरिन्छन् । कतिलाई बुझ्न कठिन हुन्छ, लेखकले सबैले बुझ्नेगरी लेख्नुपर्छ भन्ने पनि हुँदैन केही कुरा त पाठकले खोजेर बुझ्दा अझ प्रभाव रहन्छ । पाठकले पनि त मेहेनत गर्नुपर्यो नि । सजीव पात्रले बोल्न नसकेका कुरा निर्जीव पात्रले बोलुन् भन्ने मात्र हैन, पाठकले खोजेर बुझुन् भन्ने पनि लेखकको चाहना हुन्छ ।

निर्जीव वस्तु बोल्दैन, प्रतिकार गर्दैन त्यही भएर कतिपय मान्छेलाई राम्रो लाग्छ । जस्तो नारी बोलेको मन पर्दैन कतिलाई । गुडिया भनेको नारीमाथि प्रयोग हुने शब्द हो । नारी गुडिया जस्तो चुप बसोस्, शृंगार गरोस्, राम्री भएर रहोस् भन्ने चाहना कतिपयको हुन्छ । नारीलाई किन गुडिया जस्तो बनाउने भन्ने कुराको विरोध नै हो त्यस्ता निर्जीव पात्र । धेरै ठाउँमा निर्जीव पात्रको प्रयोग गरेको छु । मान्छेलाई निर्जीव ठान्नुहुँदैन भन्ने उद्देश्य नै हो ।

**तपाईं साहित्यकार मात्र नभएर सिनेमासँग पनि जोडिनुभएको छ ? यी दुईको सम्बन्ध कस्तो हो ?**

म निकै लामो समयदेखि साहित्य र सिनेमासँग समानान्तर रूपमा जोडिएको छु । सिनेमालाई मैले पेसाका रूपमा लिए । साहित्यलाई पेसा बनाउन अलि गाह्रो कुरा हो नेपालको सन्दर्भमा । म साहित्य लेखनमा जुन बेला आएँ त्यो बेला लेखेरै जीवन चलाउन सहज थिएन त्यही भएर मैले अर्को पेसा पनि अंगाले । तर साहित्यमा लागेको भएर कल्पनाशील थिए । सिनेमा क्षेत्रमा रूचि पनि थियो । कथा बनाउन सहज भयो । पटकथा लेखन र साहित्य कतै न कतै जोडिएको विषय हो । मेरो लेखकीय क्षमतालाई मैले सिनेमामा प्रयोग गरें ।

सिनेमा लेखनले मेरो साहित्यलाई लेखनलाई सहज बनाएको छ । मैले सिनेमामा प्रयोग गर्ने कुरा उपन्यास र कथामा पनि प्रयोग गरिरहेको हुन्छु । सिनेमामा सुरुमै पात्र स्थापित भइदिन सक्छ । उपन्यास र कथामा पनि त्यो हुन सक्छ । मलाई रूचि पनि लागेको, सहज पनि लागेको भएर दुवै क्षेत्र मेरा लागि प्रिय छन् । तर पछील्लो समय म साहित्य लेखनमै अलि बढी केन्द्रित छु । मैले भन्न चाहेको विषय कथा र उपन्यासबाट भन्छु र पाठकको मन जित्छु भनेर आत्मविश्वास हुँदै गयो। अहिले म सिनेमाबाट अलि पर छु तर साहित्य र सिनेमा मेरा लागि बराबर हो ।

**अन्त्यमा ?**

विभिन्न लेखक तथा साहित्यकारहरूले लेखिरहनु भएको छ । पछिल्लो एक दशक यता महिलाहरू यति शक्तिशाली लेखनमात्र आउनुभएको छ यो साहित्यको लागि एकदमै राम्रो कुरा हो । दुइ चार जना महिला लेखकको मात्र नाम लिन सकिन्थ्यो अहिले धेरै जना आउनुभएको छ । महिला लेखक भनेर कित्तामा राखेर हेर्ने हैन समग्र रूपमा एक ठाउँमा बस्नुपर्छ भन्ने लाग्छ । सामाजिक रूपमा पनि अरू थुप्रै विषयहरू लेखिन थालेका छन् । उपेक्षित समुदायका कुरा, मधेशका कुरा, आफ्ना भाषाका कुरा उठिरहेका छन्, मैथिलो, भोजपुरी,अवधि साहित्यको विकास भइरहेको छ यो साहित्यको सुन्दर विकास हो । अहिलेको समयसित म असन्तुष्टि धेरै राख्दिन । विभिन्न पेसाका व्यक्तिहरू पनि साहित्यमा जोडिनुभएको छ यसले साहित्यको आयाम फराकिलो बनाएको छ भन्ने मान्छु म ।

## ‘परालको आगो’को फर्स्टलुक पोस्टर रिलिज

**काठमाडौं/मस–** आगामी वैशाख ११ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको नेपाली फिल्म ‘परालको आगो’को पहिलो आधिकारिक पोस्टर सार्वजनिक गरिएको छ। निर्माण टिमले बिहीबार सार्वजनिक गरेको फर्स्टलुक पोस्टरले फिल्मको भावनात्मक द्वन्द्व र आन्तरिक संघर्षको संकेत गर्छ।

पोस्टरमा मुख्य कलाकारहरू सौगात मल्ल, प्रकाश सपूत र सुहाना थापा गम्भीर तथा संवेदनशील मुद्रामा प्रस्तुत छन् । सुहाना क्लोजअप फ्रेममा सिउँदोमा सिन्दूर र निधारमा रातो टीका लगाएकी देखिन्छिन् । उनको अनुहारमा झल्किएको उदासी र दबिएको भावनाले कथाको भावनात्मक गहिराइलाई संकेत गर्छ। पोस्टरको अर्को भागमा ढाकाटोपीमा देखिएका सौगात मल्ल निराश र पीडाभावमा प्रस्तुत छन् भने तल्लो भागमा




साधारण भेषभूषामा देखिएका प्रकाश सपूतको अनुहारमा संघर्ष र भोगाइको छाप देखिन्छ। पछाडि बलिरहेको आगोको दृश्यले कथा द्वन्द्व, पीडा र विद्रोहमा केन्द्रित रहेको स्पष्ट पार्छ।

फिल्म चर्चित कथाकार गुरुप्रसाद मैनालीको कृति ‘परालको आगो’बाट प्रेरित हो । उक्त कथा ‘नासो’ संग्रहमा समावेश छ । यसअघि करिब ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले पनि यही कथामा आधारित फिल्म निर्माण गरेका थिए।

नयाँ संस्करण भने निर्देशक लक्ष्मण सुनारले तयार गरेका हुन्। हरिओम सिने मेकर्सको ब्यानरमा बनेको फिल्मका प्रस्तुतकर्ता सुशील पोखरेल हुन् भने पटकथा तथा संवाद सुशील देवकोटाले लेखेका छन्।

फिल्ममा सौगात, प्रकाश र सुहानासहित सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने, बाल कलाकार मन्जिला बाँनिया लगायतका कलाकारहरूको अभिनय रहेको छ।

संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, कनाल कँवरको रंग संयोजन तथा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको संगीत रहेको फिल्मलाई आर फिल्म्सले नेपालभर वितरण गर्दैछ।

स्थानीय सरकार
**दुहवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

**बोलपत्रको आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८२/११/१६

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार बिभिन्न निर्माण कार्य गर्नको लागि आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरुबाट निम्नानुसारको आर्थिक प्रस्ताब स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) बमोजिम बोलपत्रको आर्थिक प्रस्ताब स्वीकृत गर्न ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | योजनाको नाम | बोलपत्र नं | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. मु.अ.क.तथा पि.एसस. सहित |
|---|---|---|---|---|
| १ | Construction of Waste Management Center (WMC) with Material Recovery Facility (MRF) & Equipment's Supply, Duhabi, Sunsari | DM/NCB/WORK/GOODS/2082/083-10 | Siddhartha Darshan-Churiya JV, Triyuga-11, Udayapur, Nepal | 20,71,91,550.38 |

दुहवी नगरपालिका
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**